## गुणस्तरीय शिक्षाका लागि

# बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप



बालमैत्री विद्यालय

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
२०६७

## गुणस्तरीय शिक्षाका लागि

# बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शिक्षा विभाग**
सानोठिमी, भक्तपुर
२०६७

| | | |
|---|---|---|
| प्रकाशक | : | नेपाल सरकार<br>शिक्षा मन्त्रालय<br>शिक्षा विभाग<br>सानोठिमी, भक्तपुर |
| वर्ण विन्यासगत भाषा सम्पादन | : | श्री हरि गौतम |
| चित्राङ्कन | : | देवेन्द्र पाण्डे (विश्व शिक्षा नेपालको सहयोगमा) |
| छपाई सहयोग | : | युनिसेफ, नेपाल |
| सर्वाधिकार | : | प्रकाशकमा |
| छपाई प्रति | : | ४०,००० |
| प्रकाशन मिति | : | चैत्र २०६७ |
| मुद्रक | : | |

# भूमिका

विद्यालय जाने उमेरका सबै बालबालिकाको विद्यालय शिक्षामा सरल र सहज रूपमा पहुँच पुऱ्याउनका लागि विविध प्रयासहरू गरिएका छन् । फलस्वरूप प्राथमिक तहको खुद भर्नादर ८४.५ प्रतिशत पुगेको छ, अझै पनि केही बालबालिका विद्यालय बाहिर रहेका छन् र तिनलाई विद्यालयमा ल्याउन घनीभूत प्रयासको आवश्यकता छँदै छ भने अर्को तर्फ विद्यालय भित्र आएका बालबालिकालाई गुणस्तरीय शिक्षा दिई विद्यालयमा टिकाई राख्नु पर्ने चुनौती पनि रहेको छ । विगतमा आरम्भ गरिएका प्रयासहरूले पहुँचका क्षेत्रमा सन्तोषजनक परिणाम देखाएतापनि विद्यालय बिचैमा छाड्ने विद्यार्थीको सङ्ख्या र तह पूरा नगर्नेहरूको सङ्ख्यालाई दृष्टिगत गर्दा यस क्षेत्रमा थप प्रयासको खाँचो देखिन्छ । बढ्दो प्रतिस्पर्धात्मक राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिदृश्यमा दिइने शिक्षा गुणस्तरीय हुनु अत्यावश्यक हुन्छ । यसैले सबै बालबालिकालाई विद्यालयमा ल्याउन, आएकालाई विद्यालयमा टिकाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि मार्गदर्शन गर्न "गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७" लाई स्वीकृत गरिएको छ ।

यस प्रारूपलाई यस रूपमा ल्याउने क्रममा शिक्षा सम्बन्धी राष्ट्रिय नीति, कार्यक्रम तथा अन्तर्राष्ट्रिय अभ्यास र सिकाइका सिद्धान्तका आधारमा विशेषज्ञद्वारा तयार पारिएको अवधारणापत्रलाई शिक्षक, विद्यार्थी, अभिभावक, ब्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षकहरूका पेसागत सङ्घ सङ्गठनका प्रतिनिधिहरू, सरकारी निकायका प्रतिनिधिहरू, शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाका प्रतिनिधिहरू समेतको सहभागितामा कार्यशालाको आयोजना गरी प्रशस्त छलफल र अन्तरक्रिया गरिएको थियो । प्रयोगात्मक पक्षलाई समेत ध्यान दिई केही विद्यालयमा यसका चित्राङ्कन पक्षमा सुझाव सङ्कलन गरिएको थियो । क्षेत्रीयस्तरका सरोकार वर्गको अन्तरक्रिया र छलफलबाट प्राप्त हुन आएका सुझाव र राष्ट्रियस्तरका अन्तरक्रियाबाट इङ्गित गरिएका संशोधनका कुरालाई समेत समावेश गरी यस प्रारूपलाई तयार गरिएको छ ।

प्रस्तुत प्रारूपमा बालमैत्री विद्यालयका अन्तर्राष्ट्रिय मान्यता तथा विद्यालय क्षेत्र सुधार कार्यक्रमले इङ्गित गरेको न्यूनतम सिकाइ वातावरण र नेपालको परिवेश समेतलाई मध्यनजर गरी विभिन्न नौ वटा उपागम निर्धारण गरिएको छ र हरेक उपागमको परिचयात्मक खण्डको साथै न्यूनतम र अपेक्षित मापदण्डहरूको विवरण उल्लेख गरिएको छ । यसको कार्यान्वयनको सन्दर्भमा हरेक विद्यालयहरूले आ-आफ्नो विद्यालयको आधार सूचकहरू पत्ता लगाई निश्चित अवधिमा उपलब्धि हासिल हुने गरी लक्ष्य निर्धारण गर्नुपर्ने छ र सो लक्ष्य हासिल हुने गरी विद्यालयहरूका सुधारका कार्यक्रमहरू केन्द्रित हुनुपर्दछ भन्ने अपेक्षा गरिएको छ ।

यस प्रारूप विकासको सन्दर्भमा प्रारम्भदेखि नै आर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याउने युनिसेफ नेपाललाई विशेष धन्यवाद दिन चाहन्छु । युनिसेफ नेपालको निरन्तर सहयोग र सहकार्य उपलब्ध नभएको भए यस रूपमा ल्याउन कठिन पर्दथ्यो भन्ने हामीलाई लागेको छ । युनिसेफ नेपालको सहयोगमा यसको छपाई कार्य भएकोमा पुनः धन्यवाद दिँदै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा सहयोग एवं सहकार्य निरन्तर प्राप्त हुने आशा राखिएको छ । यसको विकास गर्न सहयोग पुऱ्याउने विश्व शिक्षा नेपाल, सेभ द

चिल्ड्रेन र ए.आई.एन्.लाई पनि धन्यवाद दिन चाहन्छु । यस प्रारूप तयार पारी निरन्तर परामर्श उपलब्ध गराउनु हुने प्रा.डा. वासुदेव काफ्ले र डा. किशोर श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छौं । डा. भोजराज शर्मा, श्री ध्रुवराज रेग्मी र श्री राकेश श्रेष्ठबाट प्राप्त सहयोग प्रति आभार व्यक्त गर्न चाहन्छु । श्री जनार्दन नेपाल, श्री महाश्रम शर्मा, श्री डिल्लीराम रिमाल, श्री हरि गौतम, श्री निभराज जोशी, श्री यम बहादुर खड्का, श्री चिरञ्जीवी पौडेल, श्री पदमसिंह विष्ट र श्री खिमबहादुर भुजेलसहित यस प्रारूपको लेखन, परिमार्जन तथा अन्तिम रूप प्रदान गर्न आफ्ना अमूल्य सुझाव दिई सहयोग गर्नु हुने समस्त महानुभावहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

२०६७

डा. लवदेव अवस्थी
महानिर्देशक
शिक्षा विभाग

# विषयसूची

*परिच्छेद १*

**परिचय** १

१.१ पृष्ठभूमि १

१.२ बालमैत्री विद्यालय के हो? २

१.३ बालमैत्री विद्यालय प्रारुप के हो? ३

१.४ बालमैत्री विद्यालय प्रारुप किन? ३

१.५ बालमैत्री विद्यालय प्रारुपका उद्देश्यहरु ४

*परिच्छेद २*

**बालमैत्री विद्यालयका पक्षहरू** ५

२.१ प्रभावकारिता ५

२.२ समावेशीकरण ८

२.३ शिक्षामा लैङ्गिक पक्ष ११

२.४ बालबालिका, परिवार र समुदायको सहभागिता १३

२.५ स्वास्थ्य, सुरक्षा र बचावट १५

२.६ विद्यालयको भौतिक अवस्था १८

२.७ शिक्षणसिकाइ प्रक्रिया २२

२.८ मातृभाषामा शिक्षणसिकाइ २५

२.९ विद्यालय व्यवस्थापन २७

*परिच्छेद ३*

**विद्यालय तहमा प्रारूपको प्रयोग** ३०

## तालिका सूची


तालिका १ः प्रभावकारिता सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू ७

तालिका २ः समावेशीकरण सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू १०

तालिका ३ः शिक्षामा लैङ्गिक पक्ष सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू १२

तालिका ४ः समुदायको सहभागिता सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू १४

तालिका ५ः स्वास्थ्य, सुरक्षा र बचावट सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू १६

तालिका ६ः पूर्वाधार सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू १९

तालिका ७ः शिक्षणसिकाइ सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू २३

तालिका ८ः मातृभाषा शिक्षणसिकाइ सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू २६

तालिका ९ः विद्यालय व्यवस्थापन सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू २८

# परिच्छेद १

## १.१ पृष्ठभूमि

मानिसको व्यक्तित्व विकास तथा जीवनको तयारी शिक्षाले गर्दछ । यस अलावा शिक्षाले नै सामाजिक तथा आर्थिक विकासको काम पनि गर्दछ । यसै कारण विश्वका अधिकांश मुलुकहरूले शिक्षामा आम नागरिकको पहुँच बढाउन र शिक्षालाई गुणस्तर बनाउन विविध प्रयासहरू गरिरहेका छन् । "सबैको लागि शिक्षा" र "सहस्राब्दी विकासका लक्ष्य" जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता यस्ता प्रयासका उदाहरणहरू हुन् । नेपालमा पनि सोही अनुरूप विविध कार्यक्रमहरू भइरहेका छन् ।

आजको हाम्रो आवश्यकता बालबालिकालाई विद्यालयमा पुऱ्याउनु मात्र होइन, सबै विद्यालयहरूलाई बालबालिकाको इच्छाअनुसार उपयुक्त शिक्षाको व्यवस्थापन गर्न सक्ने बनाउनु पनि हो । यसैकारण बाल अधिकार सम्बन्धी महासन्धीले पनि बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । सोही महासन्धीले सबै बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि विना कुनै भेदभाव गुणस्तरीय शिक्षा पाउनु पर्ने आवश्यकता पनि स्विकारेको छ । यसै अधिकारलाई सुनिश्चित गर्न नेपालको अन्तरिम संविधान तथा शिक्षा सम्बन्धी विविध दस्तावेजहरूले समेत मार्गनिर्देश गरेका छन् ।

नेपालमा शिक्षाको पहुँच बढाउन र शिक्षालाई गुणस्तर बनाउन विभिन्न प्रयासहरू हुँदै आइरहेका छन् । यीमध्ये बालमैत्री विद्यालयको अवधारणा पनि एक हो । यस अवधारणाले विद्यालयको न्यूनतम र अपेक्षित मापदण्डहरू के के हुन् र विद्यालय विकासमा क-कसले कस्तो भूमिका खेल्ने भन्ने कुरा दिएको छ । यस्ता कार्यहरूबाट अभिभावकहरू बालबालिकाको पढाइ प्रति चासो राख्ने, समुदायले विद्यालय विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने र विद्यालयले दिनानुदिन आफ्नो स्तर बढाउँदै लाने कुराको आशा गरिएको छ ।

## १.२ बालमैत्री विद्यालय के हो?

बालबालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकूलको सिकाइ वातावरण तयार गरिन्छ, बालबालिकाहरूको अन्तरनिहित क्षमताको विकास गरिन्छ । यस अलावा यस्ता विद्यालयहरूमाः

- बालबालिकाहरूले शारीरिक, मानसिक एवम् सम्वेगात्मक रूपले सुरक्षित तथा स्वस्थ वातावरण पाउँदछन् ।
- बालबालिकाहरूको रूचि, क्षमता र स्तरको कदर हुन्छ र सोहीअनुसार उनीहरूको सिकाइका लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको ब्यवस्था हुन्छ ।
- बालबालिकाको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ ।
- बालबालिकाहरूलाई उनीहरूको जात, लिङ्ग, धर्म, भाषा, आर्थिकस्तर, शारीरिक एवम् मानसिक दुर्बलताका आधारमा भेदभाव विना विद्यालयमा भर्ना गरिन्छ । यस बाहेक विद्यालय भित्र र बाहिर रहेका बालबालिकाहरूलाई भेदभावरहित ब्यवहार गरिन्छ ।
- पढाइ-लेखाइका अतिरिक्त बालबालिकाहरूको स्वास्थ्य एवम् सुरक्षामा विशेष ध्यान दिइन्छ ।
- विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराइन्छ ।
- कुनैपनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजाय वर्जित हुन्छ र बालबालिकाहरूलाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रूपमा भइरहेको हुन्छ ।

## १.३ बालमैत्री विद्यालय प्रारूप के हो?

बालमैत्री विद्यालय प्रारूप बालबालिकाको रुचि र क्षमता अनुसारको गुणस्तरीय शिक्षा प्रदान गर्न गराउन विद्यालयहरूलाई पथप्रदर्शन गर्न तयार गरिएको एउटा प्रमुख दस्तावेज हो । यसमा बालमैत्री विद्यालयका आधारभूत सिद्धान्तका अलावा बालमैत्री विद्यालयका क्षेत्रहरू र यसका सूचकहरू समावेश गरिएका छन् । यसमा उल्लिखित सूचकहरूले विशेषतः बालबालिकाको रुचि, स्तर, क्षमता र आवश्यकतालाई सर्वाधिक महत्त्व दिन्छ । यसबाट शिक्षाका सबै सरोकारवालाहरूलाई बालबालिकाको भविष्य बनाउन बालबालिकाहरूलाई नै केन्द्रबिन्दु मानेर कार्य गर्नु पर्दछ भन्ने कुरामा संवेदनशील, सतर्क र तत्पर बनाउँदछ ।

## १.४ बालमैत्री विद्यालय प्रारूप किन?

व्यवस्थापकीय र पठनपाठनका दृष्टिले नेपालका अधिकांश विद्यालयहरू अझै पनि परम्परागत ढाँचामा नै सञ्चालित छन् । हाम्रा विद्यालयहरूको पठनपाठनको समग्र परिवेश अझैँ पनि घोकाउने तर्फ बढी केन्द्रित छ । केन्द्रीय तहवाट उपलब्ध गराइएका पाठ्य तथा शैक्षिक सामग्रीहरू मात्र विद्यालयहरूमा प्रयोग भइरहेका छन् । स्थानीय तहमा उपलब्ध हुन सक्ने शिक्षण तथा सिकाइ सामग्रीहरू बहुतै कम प्रयोग भएको छ । यसले गर्दा बालबालिकाको सिकाइको गति, अनुभव र क्षमता अनुसारको पठनपाठनलाई उचितरूपमा सम्बोधन गर्न सकिएको छैन । यी र यस्ता कारणहरूलाई सम्बोधन गर्न बालमैत्री विद्यालयको आवश्यकता भएको हो । विद्यालयमा बालमैत्री वातावरण भएमा बालबालिकाले चाँडो सिक्ने, लेख्दापढ्दा मानसिक तनाव कम हुने आदि जस्ता राम्रा पक्षहरू भएको हुँदा विद्यालयलाई बालमैत्री बनाउनु परेको हो । तर विद्यालयलाई बालमैत्री बनाउँदा के कस्तो आधारहरू चाहिने हो भन्ने कुराको निर्क्यौल गर्न नै यो प्रारूप तयार पारिएको हो । यस प्रारूपले राष्ट्रिय नीति अनुरूप बालमैत्री विद्यालयका न्यूनतम तथा अपेक्षित मापदण्डहरू तय गर्ने, विद्यालयहरूले मुख्य रूपमा सुधार गर्नु पर्ने पक्षहरूको पहिचान गरी विद्यालय सुधार योजनामा समेट्ने र अनुगमन तथा मूल्याङ्कन कार्यलाई वस्तुगत र प्रभावकारी बनाउने विषयहरूमा पथप्रदर्शन गर्दछ ।

## १.५ बालमैत्री विद्यालय प्रारूपका उद्देश्यहरू

यस प्रारूपको प्रमुख उद्देश्य बालमैत्री शिक्षण सिकाइको वातावरण तयार गर्नु हो । यस अलावा बालबालिकाको सर्वाङ्गीण प्रतिभा उजागर गर्दै शैक्षिक पहुँच र गुणस्तरमा बढोत्तरी ल्याउनु हो । यसबाहेक यस प्रारूपका उद्देश्यहरूः-

- बालअधिकार, सबैको लागि शिक्षा, सहस्राब्दी विकासका लक्ष्यजस्ता नेपालको तर्फवाट भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्ने,
- बालमैत्री विद्यालयको आवश्यकता र महत्त्वका बारेमा सरोकारवालाहरूलाई अवगत गराउने,
- बालमैत्री विद्यालयका लागि राष्ट्रिय मापदण्ड र यसका सूचकहरू निर्धारण गर्ने, र
- नेपालमा सञ्चालित सबैखाले विद्यालयहरूलाई बालमैत्री विद्यालय बनाउन निम्नानुसार कार्य गर्नेः
  - दिइएका सूचकहरूको आधारमा विद्यालयको स्तर पहिचान गर्ने,
  - विद्यालयहरूले स्व-मूल्याङ्कन गरी बालमैत्री विद्यालयको स्थिति पत्ता लगाउने,
  - विद्यालयहरूलाई बालमैत्री विद्यालयमा रूपान्तरण गर्न सक्षमता विकास गर्ने,
  - बालमैत्री विद्यालय बनाउन आवश्यक स्थानीय स्रोत साधन जुटाउन मार्गनिर्देश गर्ने,
  - अधिकारमा आधारित गुणस्तरीय शिक्षाको प्रवर्धन गर्ने ।

# परिच्छेद २

## बालमैत्री विद्यालयका पक्षहरू

### २.१ प्रभावकारिता

प्रभावकारिता आफैमा बृहत्तर विषय हो । कुनै पनि कार्य, कार्यक्रम, अभ्यास, प्रयास र लगानीले लक्षित वर्गको अवस्थालाई कति प्रभाव पार्न सक्यो भन्ने जान्ने बुझ्ने नै प्रभावकारिता हो । शिक्षाको सन्दर्भमा प्रभावकारितालाई समग्र शैक्षिक प्रक्रियाले बालबालिकाको सिकाइमा के कस्तो प्रभाव पार्‍यो भन्ने कुरा बुझ्नु पर्दछ । बालमैत्री विद्यालयको प्रसङ्गमा भने प्रभावकारितालाई बालकको हित, रुचि, क्षमता र आवश्यकता अनुकूलका शैक्षिक गतिविधिहरू छन् वा छैनन् र ती कार्यक्रम तथा प्रक्रियाहरूले बालबालिकाको सिकाइमा तत्कालीन र दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पार्न सकेको छ वा छैन भन्ने कुरालाई बुझ्नु पर्दछ । अन्तर्राष्ट्रिय अभ्यासमा प्रभावकारितालाई बालमैत्री विद्यालयको सन्दर्भमा निम्नानुसार हेर्ने गरेको पाइन्छ :

- सम्पूर्ण शिक्षण सिकाइ प्रक्रिया बालमैत्रीपूर्ण र सिकाइका नतिजाहरू गुणस्तरीय हुनु पर्ने,
- शिक्षकहरूसँग उच्चस्तरीय क्षमता, दक्षता र नैतिकता हुनु पर्ने,
- प्रभावकारी सिकाइका लागि शिक्षक तथा विद्यार्थीमा पर्याप्त उत्प्रेरणा हुनु पर्ने,
- विद्यालयको दीर्घकालीन सोच तथा तत्कालीन कार्यक्रमहरूले प्रवर्तनात्मक, सिर्जनशीलता र परिवर्तनलाई आत्मसात् गर्दै बालमैत्री वातावरणलाई प्रवर्धन गरिएको हुनु पर्ने,
- शैक्षिक सामग्री र खेल सामग्रीको प्रर्याप्तता हुनु पर्ने,
- समयमै पाठ्यक्रम तथा पाठ्यसामग्रीको पर्याप्त मात्रामा उपलब्ध हुनु पर्ने ।



नेपालको शिक्षा क्षेत्रमा लगानी उल्लेख्य रूपमा वृद्धि भए पनि विद्यालय शिक्षा जुन रूपमा प्रभावकारी र गुणस्तरीय हुनु पर्ने हो त्यो रूपमा हुन सकेको छैन । बढ्दो शैक्षिक बेरोजगारी, सार्वजनिक शिक्षाप्रति सेवाग्राहीको पूर्ण भरोसा नहुनु, विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना नहुनु, उल्लेखनीय सङ्ख्यामा विद्यालय छाड्ने दर नघट्नु, विद्यार्थीको उपलब्धि स्तर सन्तोषजनक नहुनु, सम्बन्धित विद्यार्थीको माथिल्लो तहको शिक्षामा दक्षता कमजोर देखिनु तथा बाह्य प्रतिस्पर्धामा पूर्ण सफलता हासिल गर्न नसक्नु आदि कुराहरूले शिक्षामा प्रभावकारिता र गुणस्तरको पक्षमा चुनौती विद्यमान छ भन्ने कुरा देखाउँदछ ।

बालमैत्री विद्यालयको प्रमुख लक्ष्य भनेको माथि उल्लेख गरिएका पक्षहरूमा सकारात्मक परिवर्तन गर्न आवश्यक पर्ने क्रियाकलाप सञ्चालन गर्दै बालबालिकालाई उनीहरूको क्षमता र आवश्यकता अनुसारको शिक्षित र योग्य व्यक्ति बनाउनु नै हो । यसर्थ शैक्षिक लगानीको उच्चतम उपयोग गर्दै गुणस्तरीय नतिजा प्राप्त गर्न, बालमैत्री सिकाइ वातावरणको प्रवर्धन गर्दै बालबालिकाको क्षमता र प्रतिभाको पूर्ण उपयोगको अवसर दिन, सार्वजनिक शिक्षाको समग्र पक्षमा सुधार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्न प्रभावकारिता आवश्यक छ । विद्यालय गतिविधिमा प्रभावकारिता आउँदा बालबालिकाहरू विद्यालयमा नआउने र विद्यालय छाड्ने दर पनि कम हुँदै जान्छ ।

विद्यालयको सिकाइ वातावरणलाई प्रभावकारी र बालमैत्री बनाउन नयाँ कार्यक्रमको सुरुवात गर्नु भन्दा पनि भइरहेको शैक्षिक अवस्थालाई कसरी प्रभावकारी बनाउने भन्ने कुरा नै अहम् प्रश्न हो । यस सन्दर्भमा हालका विद्यालयहरूको योजना निर्माण प्रक्रिया, विद्यालय व्यवस्थापन समितिको कार्यशैली, शिक्षक व्यवस्थापन, आर्थिक स्रोत व्यवस्थापन, भौतिक स्रोत साधनको व्यवस्थापन, स्थानीय सरोकार वालाहरूको प्रभावकारी परिचालन, शिक्षण सिकाइप्रक्रिया, अतिरिक्त क्रियाकलाप जस्ता गतिविधिमा बालबालिकालाई केन्द्र बिन्दु मान्दै यी सबै पक्षमा सुधार ल्याई तत्काल देखिने खालको परिवर्तन ल्याउनु आवश्यक छ । यही आवश्यकतालाई मध्यनजर गर्दै तालिका नं. १ मा प्रभावकारिता सम्बन्धी न्यूनतम तथा अपेक्षित मापदण्डहरू दिइएका छन् ।

## तालिका १ः
## प्रभावकारिता सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| औसत सम्बन्धमा | कक्षागत औसत | ५०% | १००% |
| | विषयगत औसत | ५०% | १००% |
| | विद्यालय छाड्ने दर | १०% | ०% |
| | तहपार गर्ने दर | ८०% | १००% |
| | कक्षा दोहोऱ्याउने दर | ५% | ०% |
| | कूल विद्यार्थीमा कम र बढी उमेर समूहका विद्यार्थीको दर | १०% | ०% |
| शिक्षण विधि सम्बन्धमा | प्रवर्तनात्मक शिक्षण विधिको प्रयोग | बहु विधिको प्रयोग भएको | शिक्षकहरूले शिक्षण विधि सम्बन्धी तालीम प्राप्त गरेको, सहभागितात्मक विधिको प्रयोग गरेको र प्रयुक्त विधिको अनुगमन गरेको |
| समयको सदुपयोग सम्बन्धमा | शिक्षक उपस्थिति | विद्यालय खुलेको दिन मध्ये ८२% | १००% |
| | कक्षाकोठामा शिक्षक | तोकिएको कुल समयको १००% | कुल समयको १०० % र आवश्यकतानुसार अतिरिक्त समयको उपयोग |
| | विद्यार्थी उपस्थिति | कूल २१० दिन प्रति वर्ष | कूल २२० दिन प्रति वर्ष |
| शिक्षक दायित्व, सहयोग सम्बन्धमा | शिक्षक उत्तरदायित्व | विद्यार्थीको सिकाइ उपलब्धि प्रति शिक्षकहरू उत्तरदायी भएको | विद्यार्थीको व्यक्तिगत उपलब्धिको आधारमा अभिभावकहरूसँग सहकार्य गरी योजना बनाएको, र कार्यान्वयन समेत गरेको |
| | शिक्षकका लागि पेसागत सहयोग | हरेक शिक्षकले वार्षिक रूपमा कम्तीमा १ पटक मागमा आधारित तालिम प्राप्त गरेको | हरेक शिक्षकले तालिमबाट प्राप्त गरेको ज्ञानसीपलाई कक्षाकोठामा प्रयोग गरे नगरेको समीक्षा गरेको, सो समीक्षा सरोकारवालाहरूमा जानकारी दिने गरेको र सुधारका लागि पृष्ठपोषण समेत आदान प्रदान हुने गरेको |
| विद्यालय निरीक्षण सम्बन्धमा | विद्यालय निरीक्षण | सम्बन्धित निरीक्षकबाट हरेक शिक्षकको वर्षको कम्तीमा २ पटक कक्षा अवलोकन, पुनर्वलन गरेको | सम्बन्धित निरीक्षकबाट हरेक शिक्षकको वर्षको कम्तिमा २ पटक निरीक्षण भएको, २ पटक प्रधानाध्यापकबाट भएको, २ पटक समकक्षीबाट कक्षा अवलोन भई पृष्ठपोषण आदान प्रदान भएको |
| मूल्याङ्कन सम्बन्धमा | शिक्षक मूल्याङ्कन | हरेकवर्ष शिक्षकहरूको कक्षागत वा विषयगत उपलब्धिका आधारमा मूल्याङ्कन गरिएको र सोको विवरण प्रकाशन गरेको | हरेकवर्ष शिक्षकहरूको कक्षागत वा विषयगत उपलब्धिका आधारमा मूल्याङ्कन गरिएको र सोको आधारमा पुरस्कार तथा पृष्ठपोषणको व्यवस्था भएको |
| | निरन्तर विद्यार्थी मूल्याङ्कन | आधारभूत तहका क्रमशः कक्षा ७ सम्म कार्यान्वयन भएको | आधारभूत तहको कक्षा ७ सम्ममा विद्यार्थीहरूको व्यक्तिगत अभिलेख सहितको व्यवस्था भई औपचारिक परीक्षा प्रणालीको अन्त्य भएको |

## १.२ समावेशीकरण

अवसरबाट वञ्चित समूहलाई सम्बोधन गर्ने प्रक्रिया वा रणनीति नै समावेशीकरण हो । समावेशी शिक्षा भन्नाले अर्कालाई बुझ्ने, आदर गर्ने, शैक्षिक आवश्यकतामा प्रतिक्रिया दिने, सबै बालबालिकाको अनुभव, चाहना र मूल्य मान्यतालाई समावेश गर्ने भन्ने बुझिन्छ । औपचारिक शिक्षा पद्धतिमा समावेशीकरणले विभिन्न अवसरबाट वञ्चित बालबालिकाको अवस्थालाई सम्बोधन गर्नु पर्छ भन्ने बुझाउँदछ । बालबालिकामा भएको विविध भिन्नतालाई स्वीकार गर्दछ । यस अलावा समावेशीकरणले सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा शिक्षा लिनदिन पाउनु पर्ने अधिकारलाई सुनिश्चित गर्दछ ।

समावेशीकरणले विद्यालयमा समुदायको स्वामित्वलाई महत्त्व दिँदै बालबालिकाका आवश्यकता अनुरूप उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्छन् भन्ने मान्यता राख्दछ । यस पद्धतिमा राष्ट्रिय तथा स्थानीय तहमा कुनै पनि परिस्थितिको कारणले शैक्षिक अवसरबाट वञ्चित रहेका बालबालिकालाई अवसर प्रदान गर्न प्रयत्न गर्दछ । विद्यालयमा उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने अवस्थाका बालबालिकाको समस्या पहिचान गरी समाधानको उपयुक्त उपाय अवलम्बन गर्दछ । समावेशीकरण अर्न्तगत शैक्षिक समावेशीकरणले सम्पूर्ण बालबालिकाको सामाजिक, साँस्कृतिक, शैक्षिक आवश्यकतालाई पुरा गर्ने खालको सिकाइमैत्री वातावरण अवलम्वन गर्न प्रोत्साहन गर्दछ । यसले शिक्षा प्राप्त गर्ने सबै बालबालिकाको अधिकार हो भन्ने कुरालाई सुनिश्चित गर्नु पर्छ भन्ने मान्यता राख्छ । आफ्नै समुदायमा बसी कम्तीमा आधारभूत तह सम्मको शिक्षा प्राप्त गर्न पाउनु पर्छ भन्ने कुरा यसको मुख्य पक्ष हो ।

नेपालमा विद्यालय तहको शिक्षामा समावेशीकरणको पक्षवाट सम्बोधन गर्नुपर्ने वर्गमा बालिका, द्वन्द्वपीडित बालबालिका, दलित/जनजाति समूहका बालबालिका, अपाङ्गता भएका बालबालिका, सडक बालबालिका, यौनशोषण



तथा बेचविखनमा परेका बालबालिका, मजदुरी गर्ने बालबालिका, गरिबीबाट समस्याग्रस्त बालबालिका, सुधारगृहमा रहेका बालबालिका, असक्षम/अनाथ र रोगग्रस्त बालबालिका पर्दछन् ।

विद्यमान अवस्थामा नेपालको विद्यालय तहको शैक्षिक व्यवस्थापनले माथि उल्लेख गरे बमोजिमका कमजोर वर्गको आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्न सकेको छैन । विद्यालय तहको समग्र शैक्षिक व्यवस्थापन एवम् पठनपाठनको पक्षलाई कसरी समावेशी बनाउने, विद्यालयलाई बालकेन्द्रित र बालमैत्री कसरी बनाउने, सबै सक्षम र असक्षमहरूलाई विद्यालय शिक्षामा समान र समतामा अधारित अवसर कसरी उपलब्ध गराउने, उनीहरूलाई शिक्षामा कसरी प्रवाहीकरण गर्ने भन्ने विषयहरूलाई शैक्षिक पक्षवाट सम्बोधन हुनु पर्दछ ।

माथि उल्लेख गरिए अनुसारका सबै कमजोर वर्गहरूलाई समेट्न सक्ने गरी पाठ्यक्रम, सोसँग सम्बन्धित सामग्रीहरू, शिक्षक तालिम, मूल्याङ्कन प्रक्रिया तथा शिक्षण सिकाइ क्रियाकलापहरू हालसम्म अपेक्षित रूपमा व्यवस्थित गर्न सकिएको छैन । स्थानीय आवश्यकता अनुसार विद्यालय कार्य पात्रोलाई लचकता प्रदान गर्ने, विद्यार्थीको चाहना (उनीहरूको सिकाइको स्तर, गति र क्षमता) अनुरूप शिक्षण गर्ने, पाठ्यक्रमको स्थानीयकरण गर्ने, आवश्यकतामुखी पाठ्यक्रम विकास गर्ने जस्ता कार्य आवश्यक हुने र जातजाति, महिला तथा गरिबीको रेखामुनि परेका, भाषिक रूपमा पिछडिएका, अपाङ्गता भएका आदि बालबालिकाहरूमा विशेष ध्यान पुर्‍याई उनीहरूका आवश्यकताहरू क्रमशः सम्बोधन गर्दै जानु शैक्षिक समावेशीकरणका आधारभूत पक्षहरू हुन् । यसका लागि विद्यालय व्यवस्थापन, प्रधानाध्यापक तथा शिक्षक विद्यार्थीहरूमा सचेतना ल्याई आवश्यकतामा आधारित योजना, सहभागितात्मक कार्यान्वयन र स्थानीय अनुगमन तथा मूल्याङ्कन व्यवस्था लागू गर्नु पर्ने हुन्छ ।

शिक्षण सिकाइमा समावेशी गर्न सर्वप्रथम विद्यार्थीहरूको सामाजिक, आर्थिक, भाषिक, सांस्कृतिक, शारीरिक तथा मानसिक पृष्ठभूमि र अवस्थाको पहिचान हुनु जरूरी छ । त्यसैगरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरूमा समावेशीकरणको आधारभूत मान्यता र समावेशीकरण गर्ने तौरतरिकाका बारेमा जानकारी हुनु जरूरी छ । शिक्षणमा समावेशीकरण गर्न विद्यार्थीहरूको बसाइ व्यवस्था, शिक्षक विद्यार्थीको व्यक्तिगत सम्पर्क, शिक्षकले विद्यार्थीलाई सम्बोधन गर्दा प्रयोग गरिने बालमैत्री भाषा, दण्डरहित र भयरहित शिक्षण, विद्यार्थीको व्यक्तिगत आवश्यकताका आधारमा शिक्षकबाट सहयोग जस्ता विषयमा शिक्षकहरूमा ज्ञान तथा सिप हुनु पर्दछ भने यस अनुसार भए/नभएको अनुगमन प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिले गर्नु पर्दछ । तालिका नं. २ मा समावेशीकरण सम्बन्धी न्यूनतम तथा अपेक्षित मापदण्डहरू दिइएका छन् ।

## तालिका २ः
## समावेशीकरण सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| पहुँच सम्बन्धमा | बालबालिकाको घर र विद्यालयको दुरी | आधा घण्टाको हिड्ने बाटो वा २ कि.मि. | १५ मिनेटका हिड्ने बाटो वा १ कि मि |
| | अपाङ्गताका आधारमा | सबै अपाङ्गता भएकालाई विद्यालयको पहुँचका लागि सहयोगको ब्यवस्था | सबै अपाङ्गता भएकालाई विद्यालयको पहुँच |
| | जात जातिगत आधारमा | १००% | १००% |
| | धर्म, संस्कृतिको आधारमा | १००% | १००% |
| | आर्थिकरूपमा कमजोर तथा अन्य कमजोर वर्गको विद्यालयमा भर्ना | १००% | १००% |
| शिक्षक तालिम सम्बन्धमा | समावेशीकरणसँग सम्बन्धित शिक्षक तालिम | सबै सिक्षकहरूले समावेशीकरण सम्बन्धी तालिम प्राप्त गरेको | सबै शिक्षकहरूको समावेशीकरण सम्बन्धी तालिमको पुनर्ताजगीकरण र निरन्तर अनुगमन गरेको । |
| सहभागिता सम्बन्धमा | विद्यालय गतिविधिमा सबै सरोकारवालाहरूको सहभागिता | भौगोलिक, सामाजिक, आर्थिक, आदि सबै किसिमले पिछडिएका वर्गहरूको विद्यालय योजना निर्माण देखि अन्य गतिविधिमा सहभागिता भएको | भौगोलिक, सामाजिक, आर्थिक, आदि सबै किसिमले पिछडिएका वर्गहरूको दीर्घकालीन तथा अल्पकालीन विद्यालय योजना निर्माण देखि विद्यालय अनुगमन, मूल्याङ्कन तथा ब्यवस्थापकीय गतिविधिमा सहभागिता भएको |
| शिक्षण सिकाइ सम्बन्धमा | वातावरण | संबै बालबालिकाका लागि भेदभाव रहित सिकाइको वातावरण, क्षमताका आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गति अनुसारको सिकाइ वातावरण र बालबालिकाहरूको ब्यक्तिगत कठिनाई लाई मध्यनजर गर्दै शिक्षण सिकाइ गरेको | सबै बालबालिकाका लागि भेदभाव रहीत सिकाइको वातावरण, क्षमताका आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गति अनुसारको सिकाइ वातावरण र बालबालिकाहरूको ब्यक्तिगत कठिनाइ पत्ता लगाई ब्यक्तिगत विभिन्नताका आधारमा उपचारात्मक उपाय सहितको शिक्षण सिकाइको सुनिश्चितता भएको |
| अतिरिक्त क्रियाकलाप सम्बन्धमा | अतिरिक्त क्रियाकलापमा समावेशीकरणको अवस्था | विविधतापूर्ण विशेषता भएका बालबालिकाको सहभागिताको सुनिश्चितता भएको | विद्यालयद्धारा आयोजित अतिरिक्त क्रियाकलापमा समावेशीकरण भए नभएको अनुगमन तथा मूल्याङ्कन गरेको |

## २.३ शिक्षामा लैङ्गिक पक्ष

लैङ्गिक विकासको अवधारणाले पुरूष र महिला दुवैको क्षमताको विकास र उपयोग समान किसिमले हुनु पर्दछ भन्ने दृष्टिकोण राख्दछ । नेपालको वर्तमान शैक्षिक परिवेशमा लैङ्गिक समानता ल्याउन सरकारी तथा गैर सरकारी तहमा प्रशस्त प्रयासहरू भइरहेका छन् । यस्ता प्रयासहरूले छात्राहरूको भर्ना प्रतिशत बढाएको छ, विद्यालयमा भर्ना भएकाहरूलाई केही हदसम्म भएपनि टिकाइराखेको छ र विद्यालय छाडेकालाई वैकल्पिक शिक्षाको व्यवस्था गरेको छ । यति हुँदाहुँदै पनि शिक्षामा लैङ्गिक पक्षलाई सबल बनाउन अझै सकिएको छैन । विद्यालयमा छात्राको पहुँच अझै पनि तुलनात्मक रूपमा कम छ । गरिबी, बाल विवाह, चेतनाको कमी, घर भित्र र बाहिर काम गर्नु पर्ने बाध्यता आदि जस्ता कारणहरूले बालिकाहरू विद्यालयमा अपेक्षित रूपमा सहभागी हुन सकेका छैनन् । विद्यालय भित्रको वातावरण तथा व्यवहार छात्रामैत्री नहुनाले पनि उनीहरूको सहभागिता कमजोर बनाएको हो । यी र यस्ता कमजोरीहरूलाई सम्बोधन गर्न नीति निर्माण तहदेखि पठनपाठनका क्रियाकलापसम्म थप पहल र प्रयत्नको आवश्यकता छ ।

विद्यालयमा लैङ्गिक पक्षलाई सबल बनाउने हो भने विद्यालय भित्रका गतिविधिहरूलाई मात्र सम्बोधन गरेर पुग्दैन । विद्यालय बाहिर चेतनामूलक कार्यक्रमहरू पनि उत्तिकै रूपमा सञ्चालन गर्नु पर्दछ । विद्यालयभित्र छात्रवृत्ति, अवसरको मूल्य, विद्यालय पोसाक, निःशुल्क पाठ्यपुस्तक आदि पक्षलाई सवल बनाउनु पर्ने हुन्छ । पठनपाठनका दृष्टिले छात्राहरूका लागि बालिकामैत्री शिक्षण सिकाइमा विषेश ध्यान पुऱ्याउनु पर्दछ । शिक्षक नियुक्तिमा महिला शिक्षक नियुक्ति सम्बन्धी नीतिको पूर्ण कार्यान्वयन गर्नु पर्दछ । तालिममा महिलाहरूलाई बढी महत्त्व दिनु पर्दछ । यी र यस्ता कुराहरूलाई ध्यान दिँदै तालिका नं ३ मा लैङ्गिक पक्ष सम्बन्धी न्यूनतम तथा अपेक्षित मापदण्डहरू दिइएका छन् ।



## तालिका ३ः
## शिक्षामा लैङ्गिक पक्ष सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्युनतम | अपेक्षित |
|---|---|---|---|
| छात्रवृत्ति सम्बन्धमा | ५०% छात्रवृत्ति | सबै छात्राहरूले ५०% छात्रा छात्रवृत्ति पाएको | ५०% छात्रा छात्रवृत्ति १०० % पुगेको |
| | दलित छात्रवृत्ति | वर्तमान नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको | तात्कालीन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको |
| | जनजाति छात्रवृत्ति | वर्तमान नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको | तात्कालिन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको |
| | सहिदका छोराछोरीका लागि छात्रवृत्ति | वर्तमान नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको | तात्कालिन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको |
| | अपाङ्ग छात्रवृत्ति | वर्तमान नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको | तात्कालिन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको |
| | कर्णाली छात्रवृत्ति | वर्तमान नियम कानूनले व्यवस्था गरेअनुसार वितरण भएको | तात्कालिन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको |
| लैङ्गिक सहभागिता सम्बन्धमा | छात्र र छात्राको सहभागिता बढाउन | छात्रको तुलनामा ८७% छात्रा भएको | छात्र र छात्राको समान सहभागिता भएको |
| | महिला शिक्षक व्यवस्थापन गर्न गराउन | महिला शिक्षक नियुक्ति सम्बन्धी नीतिको पूर्ण कार्यान्वयन भएको | विद्यालयहरूमा कम्तीमा ५०% महिला शिक्षक भएको |
| | विद्यालय व्यवस्थापनमा महिलाको सहभागिता वढाउन | व्यवस्थापन समितिमा कम्तीमा १ जना महिला सदस्य भएको | विद्यालय सम्बद्ध सबै समितिहरूमा ५०% महिलाहरू सहभागी भएको |
| लैङ्गिक चेतनामूलक कार्यक्रम | विद्यालयमा सरोकारवालाहरूको रूचि बढाउन | वर्षको १ पटक गरेको | स्थानीय परिवेश र आवस्यकतानुसार वर्षको २ वा सो भन्दा बढी र सो कार्यक्रमको प्रभावकारिता सम्बन्धी लेखाजोखा गरेको । |
| | लैङ्गिक पक्षमा विशेष जोड दिन | सबै खालका शैक्षिक गतिविधिमा लैङ्गिक पक्षलाई विशेष जोड दिएको | शैक्षिक गतिविधिका हरेक क्रियाकलापमा लैङ्गिक पक्ष अभिन्न अङ्गको रूपमा स्थापित भएको |

## २.४ बालबालिका, परिवार र समुदायको सहभागिता

विद्यालय सञ्चालनको प्रमुख जिम्मेवारी विद्यालयको व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक र शिक्षकहरूको हुन्छ । यस अलावा विद्यालयको नीति निर्माण, योजना तर्जुमा र कार्यक्रम सञ्चालनमा बालबालिका, परिवार र समुदायको सक्रिय एवम् निरन्तर सहभागिता आवश्यक हुन्छ । यस बाहेक विद्यालयमा सञ्चालन हुने हरेक क्रियाकलापहरूमा बालबालिकाहरूको सहभागिता पनि हुनु पर्दछ । विविध कार्यहरूमा बालबालिकाहरूको सहभागिता बढ्दा एकातिर कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ भने अर्कोतर्फ बालबालिकाहरूको आत्मविश्वास र काम गर्ने दक्षतामा पनि वृद्धि हुन्छ । यस बाहेक बालबालिकाहरूको शिक्षा लगायत अन्य पक्षको विकासमा परिवारको पनि उत्तिकै योगदान रहेको हुन्छ । परिवारको सहयोग विना नत बालबालिकालाई विद्यालयसम्म ल्याउन सकिन्छ नत विद्यार्थीहरूलाई विद्यालयमा टिकाई राख्न सकिन्छ । अतः बालमैत्री विद्यालयले बालबालिकाहरूको उचित एवम् चौतर्फी विकासका लागि अभिभावकहरूसंग प्रत्यक्ष सम्पर्क राखी काम गर्नु गराउनु पर्दछ भन्ने कुराको वकालत गर्दछ ।

विद्यालयमा सरोकारवालाहरूको सहभागिता बढाउन अभिभावकहरूलाई विद्यालयमा भेला गराई सञ्चालित कार्यक्रमहरूबारे जानकारी दिनु दिलाउनु पर्दछ, अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूको प्रगति बारे जानकारी लिन प्रोत्साहित गर्नु पर्दछ र बालबालिकाहरूमा कुनै व्यक्तिगत समस्या भए सम्बन्धित अभिभावकसँग सम्पर्क गरी सामूहिक रूपमा समस्याको समाधान गर्न प्रयत्न गर्नु गराउनु पर्दछ । यस बाहेक विद्यालय सुधार योजना निर्माण गर्दा गराउँदा बढी भन्दा बढी अभिभावकहरूको प्रतिनिधित्व गराउनु पर्दछ । अभिभावक भेला आयोजना गर्नुगराउनु पर्दछ । अभिभावकहरूको कार्य-समूह बनाएर विद्यालयको विशेष क्षेत्र जस्तैः- पुस्तकालय सञ्चालन, विद्यालयको रेखदेख, भौतिक निर्माण आदिको कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्दछ र अभिभावक शिक्षक सङ्घको गठन एवम् सक्रिय रूपमा सञ्चालन गरेर अभिभावकहरूको सहभागिता सुनिश्चित गर्नु गराउनु पर्दछ ।



कुनै पनि विद्यालयको समुदाय भन्नाले प्रथमतः विद्यालय रहेको क्षेत्र वरिपरि बसोबास गर्ने व्यक्तिहरू, सङ्घ संस्था एवम् सेवा प्रदायकहरू बुझिन्छ । बालमैत्री विद्यालयको हकमा भने गुणस्तरीय शिक्षण-सिकाइ क्रियाकलापका अतिरिक्त बालबालिकाहरूको स्वास्थ्य, पोषण र सुरक्षा विषयमा पनि उत्तिकै ध्यान दिनु पर्ने हुन्छ र साथसाथै समुदायका व्यक्ति एवम् सङ्घ सँस्था र सेवा प्रदायकहरूको सहभागिता पनि जुटाउनु पर्दछ । यी र यस्ता कार्यहरूलाई बालमैत्री विद्यालयले के कस्तो रूपमा हेरेको छ भन्ने कुराको जानकारी तालिका नं. ४ मा दिइएको छ ।

## तालिका ४ः

## बालबालिका, परिवार र समुदायको सहभागिता सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| सहभागिता सम्बन्धमा | बालबालिकाको सहभागिता | बालक्लबको गठन भएको | बालक्लब गठन भएको र सो क्लबले सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा समीक्षा गरेको |
| | | विद्यालय सुधार योजना निर्माणमा बालबालिकाको सहभागिता भएको | विद्यालय सुधार योजना निर्माणमा बालबालिकाहरुद्वारा प्रेषित सुझावहरुको पूर्ण कार्यान्वयन भएको |
| | | बालबालिकासँग सम्बन्धित आन्तरिक नियम बनाउँदा बालबालिकाहरुको सहभागिता भएको | बालबालिकासँग सम्बन्धित आन्तरिक नियम बनाउँदा बालबालिकाहरुको सहभागिता भएको र नियमको कार्यान्वयनमा लेखाजोखा भएको |
| | | विद्यालय व्यवस्थापनद्वारा बालक्लव गठन र क्षमता वृद्धि गर्ने कार्यक्रम स्पष्ट भएको | विद्यालय व्यवस्थापनद्वारा बालक्लबका सदस्यहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम गराएको |
| | | बालक्लबको नियमित बैठक र कार्ययोजना निर्माण भएको | सबैजसो निर्णयहरुमा बालबालिकाको सहभागिता भएको र उनीहरुको सुझावलाई प्राथमिकता दिएको |
| | परिवारको सहभागिता | अभिभावक शिक्षक सङ्घको गठन भएको | अभिभावक शिक्षक सङ्घद्वारा विद्यालयको गुणस्तर सुधार सम्बन्धी कार्यक्रमहरु गरेको |
| | | विद्यालय सुधार योजना निर्माणमा अभिभावकको सहभागिता भएको | विद्यालय सुधार योजनामा समावेश भएका अभिभावकहरुको सुझावको कार्यान्वयन भएको |
| | | अभिभावक भेला वर्षको १ पटक बस्ने गरेको | अभिभावक भेला वर्षको २ वा सो भन्दा बढी बस्ने गरेको |
| | | अभिभावक शिक्षक संघको ३ महिनामा १ पटक बैठक बस्ने गरेको | अभिभावक शिक्षक सङ्घको २ महिनामा १ पटक बैठक बस्ने गरेको |
| | | केही अभिभावक विद्यालयमा बालबालिकाको प्रगति बुझ्न आउने गरेको | सक्रिय र जिम्मेवार अभिभावकलाई पुरस्कृत गर्ने गरेको र हरेक अभिभावक विद्यालयमा बालबालिकाको प्रगति बुझ्न आउने गरेको |
| | समुदायको सहभागिता | वर्षको १ पटक सामुदायिक भेला गरेको | आवश्यकतानुसार वर्षमा २ पटक भन्दा बढी सामुदायिक भेला गरेको र भेलाका निर्णयहरु कार्यान्वयन गरेको । |
| | | समुदायको सहयोगमा विद्यालयमा भौतिक सुधारको काम भएको | समुदायको सहयोगमा विद्यालयमा भौतिक सुधार, स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरु नियमित सञ्चालनमा रहेको |
| | | विद्यालय व्यवस्थापन समितिको बैठक २ महिनामा बस्ने गरेको | विद्यालय व्यवस्थापन समितिको बैठक १ महिनामा बस्ने गरेको |
| | | विद्यालयमा ६–६ महिनामा सामुदायिक भेला गर्ने गरिएको | विद्यालयको नीति निर्माण, कार्यान्वयन र अनुगमनमा समुदायका सदस्यहरू पूर्ण सक्रिय भएको |

## १.५ स्वास्थ्य, सुरक्षा र बचावट

बालबालिकाको स्वास्थ्यले उनीहरूको सिकाइ एवम् विद्यालयमा हुने अन्य क्रियाकलापहरूमा प्रभावकारी भूमिका खेलेको हुन्छ । शारीरिक एवम् मानसिक रूपमा स्वस्थ नभईकन कुनै पनि बालबालिकाको उचित विकास सम्भव हुँदैन । अतः रोगबाट बालबालिकाहरू सुरक्षित रहन पाउनु र रोग लागेको खण्डमा यथाशीघ्र उपचार गर्न पाउनु सबै बालबालिकाहरूको अधिकार हो । उक्त अधिकार सुनिश्चित गराउने जिम्मेवारी अभिभावक लगायत बालमैत्री विद्यालयको पनि हो । यसका लागि विद्यालयमा कम्तीमा वर्षको दुईपटक बालबालिकाहरूको स्वास्थ्य परीक्षणको व्यवस्था हुनु पर्दछ र हरेक विद्यार्थीको व्यक्तिगत स्वास्थ्य विवरणलाई व्यवस्थित र अद्यावधिक गरिनु पर्दछ ।

विद्यालयमा बालबालिकाहरूका लागि उपयुक्त सुरक्षाका उपायहरू अवलम्बन गर्नु पनि नितान्त आवश्यक छ । सुरक्षाको उपायहरूमध्ये विद्यालयको वातावरण र कक्षाकोठाहरू स्वस्थकर र सुरक्षित हुनु, शुद्ध खानेपानीको व्यवस्था हुनु, सफा शौचालय र ढलको राम्रो व्यवस्था हुनु, अतिरिक्त पोषण तथा दिवा खाजाको प्रबन्ध हुनु र व्यक्तिगत सरसफाइको बन्दोबस्त हुनु आदि पर्दछन् । साथै शारीरिक एवम् मानसिक सुरक्षाको हेतुले विद्यालयमा भौतिक/शारीरिक द्वन्द्व एवम् कठिनाइ, दुर्व्यवहार, घृणा नहुने कुराको प्रत्याभूति हुनु अत्यन्त जरूरी हुन्छ ।

बालबालिकाहरूलाई सम्भावित दुर्घटनाबाट बचाउन बालमैत्री विद्यालयले विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यसका लागि विद्यालय भित्र हुनसक्ने सम्भावित दुर्घटना तथा घाउ, चोटपटकबाट बच्न खाल्डाखुल्डी पुर्ने, विद्यालय वरिपरि पर्खाल वा बार लगाउने, प्राथमिक उपचारको व्यवस्था गर्ने, अग्नि नियन्त्रणको व्यवस्था गर्ने, कोठाहरू बढी तातो वा बढी चिसो हुनबाट जोगाउने, प्रकाशको उचित प्रबन्ध गर्ने गर्नु पर्दछ । साथै भूकम्प र सम्भावित दैवी प्रकोपबाट बच्ने उपायहरू अवलम्बन गर्नुका साथै समय-समयमा त्यसबारे जानकारी र अभ्याससमेत गराउने व्यवस्था हुनु पर्दछ ।

जसरी विद्यालय भित्र बालबालिकाहरूको स्वास्थ्य, सुरक्षा तथा बचावटका लागि ध्यान दिनु पर्दछ त्यसैगरी बालमैत्री विद्यालयले विद्यालय बाहिर पनि बालबालिकाहरूको स्वास्थ्य, सुरक्षा र बचावटका लागि परिवार र समुदायसँग सहकार्य गर्नु पर्दछ । किनकि बालबालिकाहरूको स्वास्थ्य विद्यालय बाहिरको वातावरणमा पनि निर्भर रहेको हुन्छ । यसका लागि समुदायमा रहेका स्वास्थ्य चौकी एवम् स्वास्थ्य कार्यकर्ताहरूको सहयोगमा विभिन्न रोगहरूबाट बचाउन खोप कार्यक्रमको सञ्चालन गर्नु, घर परिवार र सामुदायिक स्थानहरूको सरसफाइ गर्नु, विद्यालय आउँदा-जाँदा बालबालिकाहरूले प्रयोग गर्ने बाटोघाटोमा फोहोरमैला हुन नदिनु, ठूलो सडक पार गर्नु पर्ने भएमा वा नदी वा नहर तर्नु पर्ने भएमा ठूला व्यक्ति तथा अभिभावकको सहयोगमा बाटो कटाउने वा नदी वा नहर तार्ने व्यवस्था गर्नु पर्दछ । जसले गर्दा बालबालिकाहरूलाई दुर्घटनाबाट बचाउन सकिन्छ । यी विषयवस्तुलाई व्यवस्थापन गर्न प्रत्येक विद्यालयका लागि आवश्यक पर्ने न्यूनतम र अधिकतम मापदण्ड तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।



## तालिका ५ः
## स्वास्थ्य, सुरक्षा र बचावट सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| स्वास्थ्य सम्बन्धमा | स्वास्थ्य परीक्षण | वर्षको १ पटक विद्यालयमा तालिम प्राप्त स्वास्थ्यकर्मीबाट बालबालिकाको स्वास्थ्य परीक्षण गरको | वर्षको २ पटक विद्यालयका सबै बालबालिकाको स्वास्थ्य परीक्षण गरेको र हरेक बालबालिकाको व्यक्तिगत स्वास्थ्य विवरण दुरूस्त राखेको |
| | | प्राथमिक उपचार बाकस उपलब्ध भएको र सो बाकसभित्र प्राथमिक उपचार, जुकाको औषधी, र सुईको व्यवस्था भएको | प्राथमिक उपचार बाकस उपलब्ध भएको, प्राथमिक उपचार कसरी गरिन्छ भन्ने विषयमा सबै शिक्षक/शिक्षिका एवम् ठुला बालबालिकाहरूलाई तालिम दिएको, वर्षको एक पटक आँखा, मुख र कानको परीक्षण गर्ने गरेको र सिकाइमा विशेष समस्या भएका बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक अवस्थाको परीक्षण गर्ने गरेको |
| | | | नियमित जुकाको औषधी वितरण भएको |
| | | | विद्यालयमा प्रत्येक वर्ष खोप कार्यक्रम सञ्चालन गरेको र बालबालिकाले खोप लिएको/नलिएको रेकर्ड राखेको र स्वास्थ्यसँग सम्बन्धित फोहोरहरू फाल्न बाकसको व्यवस्था भएको |
| | | धूमपान, मद्यपान, लागूपदार्थ निषेधका लागि आचारसंहिता निर्माण भएको | धूमपान, मद्यपान, लागूपदार्थ निषेधका लागि तयार गरिएको आचारसंहिताको पालना भए नभएको मूल्याङ्कन भएको । |
| | | विद्यालय सरसफाई गर्न कोही न कोही जिम्मेवार भएको | विद्यालयमा दिनदिनै सफा गर्ने काममा बालबालिका लगायत सबैलाई नियमित रुपमा संलग्न गराएको |
| | | बालबालिका सफासुग्घर भएर आएको/नआएको हेर्ने गरेको | बालबालिकाको व्यक्तिगत सरसफाइको नियमित जाँच गरी व्यक्तिगत सरसफाइ अवलम्बन गर्न सिकाएको र आवश्यकतानुसार अभिभावकलाई पनि सम्पर्क गरेको |
| | | विद्यालय हातामा पानी नजम्ने बन्दोवस्त मिलाएको | विद्यालय हातामा पानी नजम्ने ढलको व्यवस्थाका साथै शौचालयको फोहोर र धाराको पानीको निकासको उचित प्रबन्ध भएको |
| | | बालबालिकाले पोषिलो खाजा ल्याए नल्याएको जाँच गर्ने गरेको | विद्यालय स्वयंले पोसिलो खाजाको व्यवस्था गरेको र बालबालिकाको पोषणको स्तर प्रत्येक ३/३ महिनामा जाँच्ने गरेको |
| | | फोहोर बटुल्ने निश्चित ठाँउ वा फोहोर फाल्ने भाँडोको व्यवस्था भएको | फोहोर बटुल्ने निश्चित ठाँउ वा फोहोर फाल्ने भाँडोको व्यवस्था भएको |

| | | | |
|---|---|---|---|
| सुरक्षा सम्बन्धमा | सुरक्षा अनुभूति | विद्यालयमा भौतिक, शारीरिक दण्ड/सजाय निषेध गरिएको | विद्यालयमा शारीरिक दण्ड/सजाय दिन नपाइने र बालबालिकाको पृष्ठभूमि र क्षमताको आधारमा कसैलाई मानसिक कष्ट, दुर्व्यवहार, घृणा गर्न नपाइने नीति नियम बनाइ लागू गरेको र सोको अनुगमन तथा मूल्याङ्कन गरेको |
| | | | विद्यालय भित्र र समुदायमा समेत बालबालिकामाथि हुने शारीरिक सजाय, हेपाइ, यौन शोषण एवम् दुर्व्यवहारको अन्त्यका लागि विद्यालयमा स्पष्ट योजना तथा कार्यक्रमहरू भएको |
| बचावट सम्बन्धमा | बचावटको अनुभूति | विद्यालय हाताभित्र खाल्डाखुल्डी नरहेको र विद्यालय हातालाई केही न केहीले घेराबार गरेको | खाल्डाखुल्डी पुर्नुका साथै विद्यालय हातामा पर्खाल वा बार लगाइएको र आवश्यक मर्मत सम्भार गर्ने गरेको |
| | | हावा, पानीबाट बच्न विद्यालयका कक्षाकोठामा ढोका र झ्यालको व्यवस्था भएको | कक्षाकोठाको झ्यालमा ग्रील हुनुका साथै बरण्डा एवं भऱ्याङ्मा रेलिङ्को व्यवस्था भएको |
| | | भूकम्प आउँदा कसरी बच्न सकिन्छ भन्ने कुराको जानकारी बालबालिकाहरूलाई दिएको | भूकम्प आएको खण्डमा केगर्ने भन्नेबारे बालबालिका र शिक्षकहरूलाई समय-समयमा अभ्यास समेत गराउने गरेको |
| | | सामुदायिक नक्साङ्कनबारे बालबालिकालाई जानकारी दिइएको | विद्यालयले समुदायमा रहेका सेवा प्रदायक संस्थाहरू जस्तै, प्रहरी, स्वास्थ्यचौकी, अग्नि नियन्त्रक आदिको सामुदायिक नक्साङ्कन गरेको |

# २.६ विद्यालयको भौतिक अवस्था

विद्यालयको भौतिक अवस्था बालमैत्री सिकाइ वातावरणको लागि आवश्यक पर्ने पूर्वाधारमध्ये सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । विशेषत शैक्षिक प्रक्रियाका तीनवटा पक्षहरूः लगानी, प्रक्रिया र उपलब्धिमध्ये भौतिक पूर्वाधारलाई लगानीको पक्षबाट हेर्ने गरिन्छ । विद्यालयको भौतिक पूर्वाधार भन्नाले विद्यालयको जग्गाजमीन, विद्यालय हाता, विद्यालय भवन, कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, फर्निचर (पिजनहोल, टेबुल, दराज, न्याक, डेस्कबेन्च), शौचालय, खानेपानी, खेलमैदान, शैक्षिक सामग्री, कालो र सेतोपाटी, श्रव्यदृश्य सामग्री, दराज, विद्युतीय उपकरण, कम्प्युटर, चमेनागृह, छात्रावास, संरक्षण गृह आदि पर्दछन् । विद्यालयको भौतिक पक्ष बालमैत्री शैक्षिक वातावरणका अन्य पक्षहरूसँग पनि सम्बन्धित हुन्छ । त्यसैले बालमैत्री विद्यालयका विविध पक्षमध्ये भौतिक पक्षको व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । राम्रो भौतिक अवस्थाले गुणस्तरीय शिक्षा प्राप्त गर्न महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा विद्यालयको भौतिक व्यवस्थापनको पक्षमा विशेष ध्यान दिनुपरेको हो ।

विद्यालयको भौतिक अवस्था सुधार्न आर्थिक पक्षले बढी महत्त्व राख्दछ । उपलब्ध स्रोत साधनले भ्याएसम्म विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा गराउँदा बालबालिकाको आवश्यकतालाई ध्यानमा राखी आकर्षक, सुरक्षित, टिकाउ, बालमैत्री, लैङ्गिक र अपाङ्गमैत्री बनाउनु पर्छ । यसका लागि सम्बन्धित सरोकारवालाहरूको चेतना, सोच, सिप र प्रतिबद्धता आवश्यक पर्दछ ।

बालमैत्री सिकाइ वातावरणको सन्दर्भमा हेर्दा हाम्रा विद्यालयहरूको भौतिक व्यवस्थापन अपेक्षितरूपमा बालमैत्री अनुकूल भएको पाइँदैन । फलस्वरूप गुणस्तरीय शिक्षाको प्राप्तिमा नकारात्मक असर परिरहेको छ । ठूलो धन राशि खर्चेर बनाएको भवन पनि कुशल प्राविधिक डिजाइन, सुपरीवेक्षण र सल्लाहको अभावमा कमजोर, असुरक्षित, र बालअनुपयोगी भएको छ । त्यस्तै गरी विद्यालयमा उपलब्ध फर्निचर कुनै होचा, कुनै अग्ला, कुनै धेरै ठुला त कुनै धेरै साँघुरा, राम्रोसँग तयारी नभएका र विद्यार्थीलाई चोटपटक पुऱ्याउने खालका देखिन्छन् । अन्य भौतिक पक्षका हकमा पनि लेआउट, डिजाइन, निर्माण आदि बालबालिकाको हितलाई ध्यानमा राखी व्यवस्थापन गरेको पाइँदैन । यस प्रकारको अवस्थालाई परिवर्तन गरी आकर्षक, सुरक्षित र बालमैत्री बनाउनु जरूरी छ, यसबाट मात्र अपेक्षित बालमैत्री सिकाइ वातावरणमा गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न सकिन्छ । तालिका नं. ६ मा दिइएका सूचकहरूबाट भौतिक पूर्वाधारसम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू के के छन् भन्ने कुरा जान्न र बुझ्न सकिन्छ ।



## तालिका ६ः
## भौतिक अवस्थासम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/ सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| भौतिक पूर्वाधार | भवन तथा कक्षा कोठा | भूकम्प निरोधक भवन भएको | भूकम्प निरोधक रङ्गरोगन सहितको पक्की भवन भएको |
| | | घाम पानी छेक्ने छाना भएको | चिसो, तातो, पानी र आवाज प्रुफ सिलिङ्ग छाना भएको |
| | | प्लास्टर गरिएको वा राम्रोसंग लिपिएको भित्ता भएको | प्लास्टर र रङ्गरोगन गरिएको भित्ता भएको |
| | | लेख्न र पढ्न बाधा नपुग्ने खालको पर्याप्त उज्यालो भएका कोठाहरू भएको | पर्याप्त हावा खेल्ने तथा प्रकाश आउने झ्याल र सुरक्षाको लागि ग्रील वा डण्डी लगाएको |
| | | | विद्यार्थीको पहुँचमा भएको, सुरक्षित झ्यालढोका जुन बन्द गर्न र खोल्न मिल्ने भएको |
| | | प्रति ५० विद्यार्थीकालागि १ कक्षा कोठा भएको | प्रति ४० विद्यार्थीकालागि एक कक्षा कोठा भएको |
| | | प्रति विद्यार्थी ०.७५ बर्गमीटर क्षेत्रफल भएको | प्रति विद्यार्थी १.०० वर्गमीटर क्षेत्रफल भएको |
| | | भवन तथा कक्षाकोठा बाल तथा अपाङ्गतामैत्री भएको | भवन, कक्षाकोठा, र अन्य भौतिक पूर्वाधारहरू बालमैत्री तथा अपाङ्गतामैत्री भएको |
| | | ५x८ फिटको कालोपाटी ब्यवस्था भएको | ५x८ फिटको ह्वाइटबोर्डको ब्यवस्था भएको |
| | | कक्षा ३ सम्मको कक्षाकोठाका भित्तामा विद्यार्थीले भेट्नेगरी कालोपाटी निर्माण भएको | कक्षा ३ सम्मको कक्षाकोठाका भित्तामा विद्यार्थीले भेट्नेगरी सेतोपाटी को निर्माण भएको |
| | खेल मैदान | सबै विद्यार्थीहरू एकैपटकमा अटाउनसक्ने र एक पटकमा एउटा खेल खेल्न सक्ने भएको | फुटवलसमेत खेल्न सकिने आकारको खेलमैदान भएको |
| | | खेलमैदान सफा सुग्घर र हरियाली भएको | खेलमैदान सफासुग्घर, हरियाली, बालमैत्री र लैङ्गिकमैत्री भएको |
| | | विद्यालयको हातामा चाकाचुली, पिङ, चिप्लेटीहरू राख्न सक्ने मैदान भएको | विद्यालयको हातामा चाकाचुली, पिङ, चिप्लेटी जस्ता सामग्रीको ब्यवस्था भएको । |
| | फर्निचर | कक्षा १ देखि ३ का बालबालिकाहरूलाई भुइमा राखी शिक्षण गर्न गुन्द्री, चकटीको ब्यवस्था भएको | कक्षा १ देखि ३ का बालबालिकाहरूलाई कार्पेट, चकटी आदिको ब्यवस्था भएको |
| | | प्रति ४ विद्यार्थीका लागि १ सेट डेस्क बेन्च भएको | प्रत्येक विद्यार्थीका लागि १ सेट उपयुक्त कुर्सी टेवुल भएको |
| | | विद्यार्थीको उमेर अनुसार डेस्क बेन्चको उचाइ भएको | विविध किसिमको बसाइ ब्यवस्था गर्न मिल्ने हलुका खालको डेस्क-बेञ्च |
| | | रन्दा लगाई फिनिसिङ् गरिएको डेस्क-बेञ्च भएको | फिनिसिङ् सहित चिप्लो पलिस समेत गरिएको डेस्क-बेञ्च भएको |
| | | शिक्षकका लागि कुर्सी टेवल भएको | शिक्षकका लागि ड्रयर समेतको एक सेट कुर्सी टेवल भएको |

| | | | |
|---|---|---|---|
| भौतिक पूर्वाधार | फर्निचर | विद्यार्थीले प्रयोग गर्ने डेस्क १५ इन्च चौडा भएको | विद्यार्थीले प्रयोग गर्ने डेस्क १८ इन्च चौडा भएको |
| | | बुककर्नरका लागि १ उपयुक्त साइजको र्‍याकको व्यवस्था (कक्षाको आकार हेरी) | बुककर्नर सहित कक्षा १ देखि ३ सम्म विषयगत सिकाइ कुनाको व्यवस्था |
| | | एक डिस्प्लेबोर्डको व्यवस्था | ४ वटासम्म डिस्प्ले बोर्डको व्यवस्था |
| | | विद्यार्थीहरूको सरसामान सहित उनीहरूको अभिलेख राख्ने एउटा दराज भएको | प्रत्येक विद्यार्थीको नाम अंकित भएको पिजनहोल भएको |
| | पुस्तकालय | विद्यालयको एक कोठामा पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री राखिएको पुस्तकालय भएको | विषयगत हिसाबले सान्दर्भिक पुस्तकहरूको अभिलेखीकरण र वितरण प्रणाली सहितको पुस्तकालय भएको |
| | | एकपटकमा २० जना सम्मले अध्ययन गर्न सक्ने फर्निचर सहितको पुस्तकालय भएको | एकपटकमा ५० जना सम्मले अध्ययन गर्न सक्ने फर्निचर सहितको हल भएको |
| | | पुस्तकका लागि पारदर्शी र्‍याक भएको | विषयगत पुस्तकका लागि छुट्टाछुट्टै पारदर्शी र लक गर्न मिल्ने र्‍याक भएको |
| | | ५०० सम्म सान्दर्भिक पुस्तक भएको | १५०० वा सो भन्दा बढी पुस्तक भएको |
| | प्रयोगशाला | विद्यालयको एउटा कोठामा विषयगत प्रयोग सामग्रीहरू सहितको एकपटकमा २५ जना सम्मले प्रयोगात्मक कार्य गर्न सक्ने व्यवस्था भएको | प्रयोगशालाका लागि छुट्टै भवन भएको |
| | | | विषयगत सामग्री सहितको एकपटकमा ५० जना सम्मले प्रयोगात्मक कार्य गर्नसक्ने गरी व्यवस्था भएको |
| | शौचालय | छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालय भएको | छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालय भएको |
| | | प्रति ५० विद्यार्थीका लागि एक सेट शौचालय भएको | प्रति २० विद्यार्थीका लागि एक सेट शौचालय भएको |
| | | दिसापिसाव गर्न छुट्टाछुट्टै व्यवस्था भएको र पानीको व्यवस्था भएको | दिसापिसाव गर्न पानीको व्यवस्था सहितको छुट्टाछुट्टै शौचालय भएको |
| | | निरन्तर सफाइको व्यवस्था भएको | निरन्तर स्वस्थ्य हुने निश्चितता सहितको सफाइको व्यवस्था |
| | | झ्यालढोका सहितको चुकुल लगाउन र खोल्न सकिने शौचालय भएको | झ्यालढोका सहितको चुकुल सजिलो सित लाउन र खोल्न सकिने शौचालय भएको |
| | पर्खाल वा घेरवार | विद्यालयको हातालाई समेटनेगरी ६ फिट अग्लो घेराबार भएको | विद्यालयको हातालाई समेटनेगरी मजबुत पिलर समेतको ६ फिट अग्लो तारबार वा पर्खाल भएको |
| | विद्यालय हाता व्यवस्थापन | भवन, खेल मैदान, वृक्षारोपण, शौचालय बगैँचाका लागि जमिन छुट्याइ सोअनुसार निर्माण गरिएको | भवन, खेल मैदान, बृक्षारोपण, शौचालय बगैचाको लागि जमिनको योजनाबद्ध लेआउट (पाकिङ्, करेसाबारी) र निर्माण गरी व्यवस्थित रूपमा उपयोगमा ल्याएको |
| | खानेपानी | विद्यालय हाताभित्र पिउन योग्य पानी भएको | विद्यालयको हरेक कक्षाकोठामा फिल्टर सहित पिउने पानीको भएको |

| | | | |
|---|---|---|---|
| भौतिक पूर्वाधार | कार्यालय | कार्यालय प्रयोजनका लागि छुट्टै कोठाको व्यवस्था भएको | प्रधानाध्यापक, शिक्षक स्टाफ र प्रशासनिक प्रयोजनका लागि फर्निचरसहितको छुट्टाछुट्टै कोठा भएको |
| | समीक्षालय | विद्यालयको योजनामा समीक्षालय निर्माण गर्ने उल्लेख गरिएको | समीक्षालयको व्यवस्था भएको |
| | स्वास्थ्य जाँच कक्ष | विद्यालयको प्रशासनिक कक्षमा एउटा दराजको व्यवस्था गरी आभारभूत उपचारका औषधी र जाँच उपकरणको व्यवस्था भएको | आकस्मिक विरामीका लागि वेडको समेत व्यवस्थाभएको जाँच तथा उपचार कक्षको व्यवस्था भएको |
| | विद्युत जडान तथा विद्युतीय सामग्री र सुविधाको व्यवस्था | सौर्य उर्जा, बायुउर्जा तथा जलउर्जा, बैट्री आदि जस्ता माध्यमबाट विद्यालयभित्र विद्युत जडान भएको | हरेक कक्षाकोठामा विद्युतको लाइन भएको र आवश्यकताअनुसार पङ्खा, प्रोजेक्टर, कम्प्युटरको उपलब्धता भएको तथा इमेल इन्टरनेटको समेत सुविधा भएको । |
| | चमेना गृह | विद्यालय नजिकै खाजा खाने ठाउँको व्यवस्था भएको | विद्यालय हाताभित्र चमेना गृहको व्यवस्था भएको |
| | छात्राबास तथा शिक्षक आवास | विद्यालयको आवश्यकता अनुसार योजनामा उल्लेख गरिएको तर सो आवश्यकता पहिचान गर्दा विद्यालयको दुरी, भौगोलिक विकटता आदिलाई ध्यानमा राखेर योजनामा उल्लेख गरेको | आवश्यकता अनुसार छात्रावास तथा शिक्षक आवासको व्यवस्था भएको |
| | संरक्षण संवर्द्धन, मर्मत संभार तथा भण्डारण | आवश्यकता अनुसार भौतिक साधनहरूको संरक्षण संबर्द्धन, मर्मत संभार तथा भण्डारण हुने गरेको । | योजनामा नै उल्लेख गरी भौतिक साधनहरूको संरक्षण संबर्द्धन, मर्मत संभार तथा भण्डारण हुने गरेको, यस कार्यका लागि व्यक्तिलाई जिम्मेवार बनाएको र सोको वार्षिक समीक्षा र अभिलेखीकरण हुने गरेको |
| | बगैचा र करेसाबारी | बगैचा र करेसाबारीको लागि जमिन छुट्टयाई विद्यालय सुधार योजनाभित्र समेटिएको | आयआर्जनका लागि पनि हुने गरी बगैचा र करेसाबारीको निर्माण गरेर त्यसको सदुपयोग गरेको |
| | प्रतिक्षालय | अभिभावक तथा आगन्तुकहरू आउँदा बस्ने ठाउँ छुट्टयाइएको | प्रवेशद्वार नजिकै छानासहितको प्रतिक्षालयको व्यवस्था गरेको |
| | विद्यालयसम्म आइपुग्ने बाटो | अपाङ्गहरूसहित सजिलै विद्यालयमा आउन सक्ने गरी बाटो बनाइएको | हिलो, धुलो नभएको बाटोको व्यवस्था भएको |
| | साइनबोर्ड | विद्यालयको नाम झल्किने कुनै न कुनै आकारको साइनबोर्डको व्यवस्था भएको | विद्यालयलाई समुदायमा पनि चिनिने गरी ठाउँ ठाउँमा विद्यालय जाने बाटो सङ्केत गरिएको चिन्हहरू र सबैले देख्ने ठाउँमा साइनबोर्ड राखिएको |

## २.८ शिक्षणसिकाइ प्रक्रिया

विद्यार्थीलाई सिकाउने वा सिक्ने वातावरणको व्यवस्थापन गर्ने प्रक्रियालाई शिक्षणसिकाइ प्रक्रिया भनिन्छ । बालबालिकाले सिक्ने कार्यसँग शिक्षण सम्बन्धित भएको हुँदा सिकाइ विना शिक्षणको अर्थ अपुरो हुन्छ । यसर्थ औपचारिक शिक्षा पद्धतिमा शिक्षणसिकाइको पक्षलाई प्रभावकारी बनाउन विद्यालय र कक्षाकोठाको सिकाइ वातावरण एवम् कक्षाकोठामा सञ्चालन हुने गतिविधिलाई प्रमुख तत्त्व मानिएको छ । यसो गर्न शिक्षकलाई व्यावसायिक रूपमा सक्षम नबनाएसम्म शिक्षण सिकाइ कार्य प्रभावकारी हुन सक्दैन । शिक्षकको भूमिका सूचनाकर्ता, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु बनाउने व्यक्तिको रूपमा प्रस्तुत हुन सकेमा मात्र शिक्षण सिकाइ कार्य अर्थपूर्ण हुन्छ । यसरी नै विद्यालय र समुदायबीचको सम्बन्ध, शैक्षिक सामग्रीको उपलब्धता, बालबालिकाको मूल्याङ्कन पद्धति जस्ता तत्त्वहरूलाई बालमैत्री शिक्षण सिकाइ प्रक्रियाका प्रमुख पक्षहरू मानिएका छन् ।

बालबालिकाको अन्तरनिहित क्षमताको प्रस्फुटन गर्न गराउन कक्षाकोठामा मात्र शिक्षण सिकाइ प्रक्रियालाई सीमित राख्न हुँदैन । समुदाय र वातावरणबाट पनि शिक्षकले धेरै कुरा सिकाउन सक्ने भएको हुँदा बालबालिकाहरूलाई गीत, नाच, खोजपूर्ण कार्य, कथा, खेल जस्ता मनोरञ्जनात्मक क्रियाकलापमा पनि संलग्न गराउनु पर्दछ । शिक्षण सिकाइमा विद्यार्थी मूल्याङ्कनलाई मात्र साध्यको रूपमा लिनु हुँदैन । यसलाई विद्यार्थीको निरन्तर प्रक्रिया र अभिन्न अङ्गको रूपमा लिनु पर्दछ । शिक्षण सिकाइ क्रियाकलापलाई खोजमुखी, अन्तरक्रियात्मक, प्रवर्धनात्मक गराउन परियोजना कार्य, घटना अध्ययन अवलोकन जस्ता पक्षहरूलाई पनि जोड दिनु पर्दछ । यसप्रकारको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकको पेसागत क्षमता अभिवृद्धिमा पनि विशेष जोड दिनु पर्दछ । शिक्षण सिकाइ प्रक्रिया सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू तालिका नं. ७ मा दिइएको छ ।



## तालिका ७ः
## शिक्षणसिकाइ सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/ सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| वार्षिक कार्ययोजना सम्बन्धमा | योजना निर्माण | वार्षिक कार्ययोजना निर्माण भै यसैका आधारमा विद्यालय गतिविधि संचालन भएको | वार्षिक कार्ययोजनाका हरेक गतिविधिको प्रभावकारी कार्यान्वयन, आवधिक समीक्षा, निरन्तर अनुगमन र मूल्याङ्कन एवम् शिक्षण सिकाइ क्रियाकलापलाई योजनाको केन्द्रमा राखेको |
| | शिक्षकको शैक्षिक योजना | प्रत्येक शिक्षकले आफनो विषयको वार्षिक शैक्षिक योजना बनाएको | बनाएको कार्ययोजनाको कार्यान्वयन गरेको, निरन्तर मूल्याङ्कन र समीक्षा समेत गरेको । |
| शैक्षिक सामग्री | पाठ्यपुस्तक | शैक्षिक शत्रको सुरूमै हरेक विषयको पाठ्यपुस्तक विद्यार्थीहरूले पाएको | हरेक विषयको पाठ्यपुस्तक लगायत स्थानीय तवरमा बनेका अन्य पाठ्यसामग्रीहरू पाएको |
| | शैक्षिक सामग्री | मूल्य नपर्ने र कम मूल्य पर्ने शिक्षक तथा विद्यार्थी निर्मित वा सङ्कलित सामग्रीहरू हरेक कक्षामा ब्यवस्था तथा प्रयोग भएको | कक्षा कोठामा आधारभूत शैक्षिक सामग्रीका अतिरिक्त विद्युतीय सामग्रीको समेत उपलब्धता तथा प्रयोग गरिएको |
| | | कक्षा कोठाका भित्ताहरूमा पाठ्यक्रमसँग सम्बन्धित सामग्रीहरू प्रदर्शन गरिएको | |
| | सन्दर्भ सामग्री | शिक्षकका लागि पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका आदि सामग्रीको ब्यवस्था भएको | शिक्षकका लागि पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका र विद्यार्थीका लागि सहयोगी सामग्रीको ब्यवस्था भई निरन्तर प्रयोग भएको । |
| सहभागिता | समुदायको सहभागिता | शिक्षणसिकाइमा समुदायको रेखदेख र सहयोग हुने गरेको | समुदायका ब्यक्तिहरूको ज्ञान, सिप, क्षमता अनुसार सिकाइमा निरन्तर सहयोग हुने गरेको र सोको लेखाजोखा हुने गरेको |
| सम्बन्ध | विद्यालय र अभिभावक | अभिभावकले बालबालिकाको विद्यालयमा हुने पठनपाठनमा निरन्तर रूपमा चासो देखाउने गरेको | विद्यालय पठनपाठनको अभिन्न अङ्गकोरूपमा शिक्षक अभिभावक भेटघाटका कार्यलाई योजनावद्ध गर्ने गरेको |
| अतिरिक्त क्रियाकलाप | अतिरिक्त क्रियाकलाप | विद्यार्थीको चौतर्फि विकासको लागि महिनाको १ पटक अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको | विद्यार्थीको चौतर्फि विकासका लागि हप्ताको एक पटक अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको |
| | | | शिक्षण सिकाइ अतिरिक्त क्रियाकलापको लागि कुनै एक शिक्षकलाई संयोजकको रूपमा समेत तोकिएको |
| | अन्तरक्रिया एवम् आपसी सहयोग | शिक्षकहरूबीच महिनाको एक पटक छलफल र अन्तरक्रिया हुने गरेको | शिक्षकहरूबीच हप्ताको एक पटक सम्बन्धित विषयहरूमा छलफल र अन्तरक्रिया तथा एकअर्काको कक्षाको अवलोकन पनि गर्ने गरेको |
| | शैक्षिक भ्रमण | बर्षको १ पटक विद्यालयबाट शैक्षिक भ्रमण लैजाने गरेको | प्रत्येक बर्ष हरेक कक्षालाई शैक्षिक भ्रमणमा लैजाने गरेको |

| | | | |
|---|---|---|---|
| प्रयोग | शिक्षक तालिमको प्रयोग | शिक्षकले तालिमबाट सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गरेको । | शिक्षकले तालिमबाट सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गरेको र प्रधानाध्यापक तथा सम्बन्धित निरीक्षकबाट नियमित अनुगमन भएको |
| | आधुनिक प्रविधिको प्रयोग | शिक्षण सिकाइ कम्प्युटरमा आधारित सिकाइ भएको | शिक्षण सिकाईमा कम्प्युटर, इन्टरनेट आदिको प्रयोग गरिएको र सो प्रयोगलाई बस्तुनिष्ठ र नतीजामुखी बनाउन सवै शिक्षकहरूले तालिम प्रात गरी कार्यन्वयनमा उतारेको |
| व्यवस्थापन | अनुगमन तथा मूल्याङ्कन | समग्र शैक्षिक व्यवस्थापनको अनुगमन तथा मूल्याङ्कन विद्यालय व्यवस्थापन समितिबाट हुने गरेको | अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विद्यालय व्यवस्थापनको अभिन्न अङ्गको रूपमा अवलम्बन गर्न विद्यालय व्यवस्थापन समितिका हरेक पदाधिकारी, अभिभावक शिक्षक सङ्घका पदाधिकारीहरू, प्रधानाध्यापक तथा शिक्षकहरूको स्पष्ट जिम्मेवारी किटान गरी अनुगमन मूल्याङ्कनलाई वैज्ञानिक रूपमा कार्यान्वन गर्ने गरेको |
| | | कार्यरत शिक्षकहरूको व्यक्तिगत कार्यको अनुगमन तथा मूल्याङ्कन प्रधानाध्यापकबाट हुने गरेको | |



## २.८ मातृभाषामा शिक्षणसिकाइ

शिक्षण सिकाइ, सञ्चार र दैनिक जीवन सञ्चालनको प्रमुख माध्यम भाषा हो । बालबालिकाको सिकाइको प्रारम्भ घरपरिवारबाट हुन्छ । घरपरिवारमा बोलिने भाषा बच्चाले सबैभन्दा पहिला बोल्ने हुँदा सिकाइमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ । विद्यालयहरूमा हुने शिक्षण सिकाइ क्रियाकलाप बालबालिकाले घरपरिवार वा आमाले बोल्ने भाषामा हुनसके बालबालिकाले चाँडै सिक्ने गर्दछन् । विशेष गरी प्रारम्भिक तहका कक्षाहरूमा शब्द भण्डारका कारणले सिकाइ सहज हुने हुँदा र विद्यालयप्रति विद्यार्थीको आकर्षणसमेत बढ्ने हुँदा मातृभाषाका माध्यमबाट पठनपाठन गर्न गराउन उपयुक्त हुने कुरा अध्ययनहरूले औँल्याएको छ । कक्षाभित्रको विविधताको सम्बोधन गर्ने प्रमुख माध्यम पनि भाषा नै हो । यसर्थ मातृभाषाको माध्यमबाट पठनपाठन गर्दा गराउँदा विद्यालयमा विद्यार्थीको पहुँचसम्बन्धी समस्या र विद्यार्थीको अनियमितताको समस्यालाई पनि सम्बोधन गर्न सकिन्छ ।

सिकाइ मनोविज्ञान, सिकाइकला र राज्यले अवलम्बन गर्ने भाषा नीतिका आधारमा शिक्षण सिकाइलाई व्यवस्थापन गर्नु पर्ने देखिन्छ । मातृभाषा नेपाली नभएका बालबालिकाहरूले मुख्यगरी दुई किसिमको समस्याको सामना गर्न परिरेको हुन्छ । पहिलो, उनीहरूलाई नेपाली भाषा सिक्न नै कठिन भएको हुन्छ भने दोस्रो, उनीहरूले नेपाली भाषामा पठनपाठन गर्न गाह्रो परिरहेको हुन्छ । यस पक्षलाई पनि मातृभाषाको शिक्षण सिकाइले सम्बोधन गरेको हुनु पर्छ ।

नेपालको अन्तरिम संविधानले "प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने" कुराको प्रत्याभूति गरेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम र पाठ्यक्रम प्रारूपले आधारभूत शिक्षाको माध्यम मातृभाषा हुने, विद्यालय तहका अन्य कक्षाहरूमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुने, गैर नेपाली नागरिकको हकमा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्ने गराउने र भाषा विषयको शिक्षण गर्दा शिक्षाको माध्यम सोही भाषा हुनुपर्ने कुरा उल्लेख गरेको छ । यिनै राष्ट्रिय दस्तावेजहरूले निर्देश गर्न खोजेको बाटोमा रही मातृभाषाका सम्बन्धमा प्रयास र प्रयत्नहरू गर्नु पर्ने हुन्छ ।



नेपालमा एउटै विद्यालयमा पनि धेरै मातृभाषिका बालबालिका पढ्ने भएको हुँदा मातृभाषाको पक्षलाई सम्बोधन गर्न राष्ट्रिय भाषा नीतिका आधारमा विद्यालय र स्थानीय

परिवेश अनुसारको उपायहरू अवलम्बन गर्नु पर्ने देखिन्छ । स्थानीय तहमा नै शिक्षक नियुक्ति गर्ने व्यवस्थाले समस्यालाई सम्बोधन गर्न केही न केही मद्दत गरेकोले यस प्रक्रियालाई अझ सशक्त बनाउनु पर्ने देखिन्छ । पठनपाठनका दृष्टिले पहिला नेपाली भाषाको माध्यमबाट पढाउने अनि जुन भाषामा बुझ्दछन् त्यसैमा बुझाउने, नेपाली र मातृभाषा दुवैमा पालैपालो सिकाउने, कक्षाको जान्ने बच्चाहरूलाई सिकाउन लगाउने र आफ्नै समूहमा छलफल गर्न लगाउने जस्ता व्यवहारिक उपायहरू अवलम्बन गर्न सकिन्छ । मातृभाषा सम्बन्धी यस प्रारूपमा के कस्ता मापदण्डहरू दिइएका छन् भन्ने कुरा तलको तालिका नं. ८ ले स्पष्ट पारेको छ ।

## तालिका ८ः
## मातृभाषा शिक्षण सिकाइ सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| सर्वेक्षण | आवश्यकताको पहिचान | आफ्नो सेवा क्षेत्रका विद्यालय उमेर समूहका जातिगत विद्यार्थीहरूको लगत राखेको | जन्म, मृत्यु, बसाइसराईको आधारमा विवरण अद्यावधिक गरेको |
| सामग्री | मातृभाषाको पाठ्यक्रम | मातृभाषाका पाठ्यक्रम उपलब्ध भएको | परिमार्जित पाठ्यक्रम प्रयोग भएको |
| | पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्री | मातृभाषाको पाठ्यपुस्तक, शिक्षक निर्देशिका उपलब्ध भएको | मातृभाषाको पाठ्यपुस्तक तथा निर्देशिका प्रयोग भएको |
| शिक्षक/शिक्षण | शिक्षकको तयारी | कम्तिमा प्रा.वि.तहका शिक्षक (१ देखि ३ कक्षा) लाई सम्वन्धित मातृभाषाको तालिम दिएको | आवश्यक सङ्ख्यामा मातृभाषाका शिक्षकहरू तयार पारेको |
| | बहुभाषिक शिक्षण | सबै शिक्षकहरूले बहुभाषिक तालिम प्राप्त गरेको | सबै शिक्षकहरूले बहुभाषिक पुनर्ताजगी तालिम प्राप्त गरेको तथा आवश्यकता अनुसार प्रयोग गरेको । |
| पूर्वाधार | मातृभाषा अनुकूलको कक्षाकोठा | मातृभाषाको शैक्षिक सामाग्रीहरूवाट कक्षाकोठा व्यवस्थापन भएको | विद्यालयमा सम्वन्धित भाषा, संस्कृति झल्किने शैक्षिक सामाग्रीको साथै पुस्तकालयको समेत व्यवस्था भएको |
| अन्य | मातृभाषासँग सम्बन्धित अतिरिक्त क्रियाकलाप | हरेक महिनामा १।१ वटा क्रियाकलाप सञ्चालन भएको | साप्ताहिक रूपमा १।१ वटा क्रियाकलाप सञ्चालन भएको |


# २.९ विद्यालय व्यवस्थापन

विद्यालयको भौतिक, मानवीय, आर्थिक तथा सामुदायिक स्रोत साधनलाई विद्यार्थीहरूको सिकाइसँग मिलाउनु नै विद्यालय व्यवस्थापन हो । विद्यालय व्यवस्थापन शिक्षाको व्यापक क्षेत्रलाई समेटने विषय पनि हो । यस अर्न्तगत विद्यालय शिक्षाको लागि सरकारी निकायहरूबाट गरिने विभिन्न गतिविधिहरू तथा स्थानीय निकायबाट विद्यालयहरूका लागि गरिने व्यवस्थापकीय कार्यहरू समेत पर्दछ । यसमा बालमैत्री शिक्षण सिकाइ क्रियाकलापवाट विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाउने सम्मका कार्यहरू पर्दछन् ।

विद्यालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको गठन तथा काम कर्तव्य, शिक्षक व्यवस्थापन, आर्थिक व्यवस्थापन, नियम कानुनको परिपालना, शिक्षक विद्यार्थी आचारसंहिता निर्माण तथा कार्यान्वयन, समुदाय परिचालन, सामाजिक परीक्षण लगायतका विद्यालय सुशासन सम्बन्धी विषयहरू समेटिएको हुन्छ । उल्लिखित पक्षहरूको समुचित व्यवस्थापनले विद्यालयको कार्यकुशलता, दक्षता र गुणस्तरमा सकारात्मक प्रभाव पार्दछ । यसैले विद्यालयको सम्पूर्ण व्यवस्थापन पक्षलाई होसियारीपूर्वक बालबालिकाको आवश्यकता र हितलाई सर्वोपरी बनाई उच्चतम उपलब्धि हासिल गर्नेतर्फ उन्मुख गराउन जरुरी छ ।



विद्यालय विकासको दीर्घकालीन सोच, वस्तुगत योजना, सहभागितात्मक कार्यान्वयन, प्रभावकारी अनुगमन प्रणाली, विद्यालय सुशासन आदिका माध्यमबाट विद्यालय व्यवस्थापनलाई बालमैत्री तथा गुणस्तरीय बनाउन सकिन्छ । तालिका नं. ८ ले विद्यालय व्यवस्थापन सम्बन्धी के कस्ता न्यूनतम र अपेक्षित मापदण्डहरू राखेको छ भन्ने कुराको जानकारी दिन्छ ।



## तालिका ८ः
## विद्यालय व्यवस्थापन सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| व्यवस्थापन | समावेशीकरण | विद्यालय व्यवस्थापन समितिका सदस्याहरू लैङ्गिक र सामाजिक बनोट अनुसार समावेश भएको | विद्यालय व्यवस्थापन समितिको बैठकबाट हुने निर्णय प्रक्रियामा सदस्यहरूको सक्रिय सहभागिता सुनिश्चित भएको |
| | गठन | अभिभावकहरूको सहभागितामा निर्वाचन वा सहमतीय प्रणालीबाट गठन भई विद्यालयको उत्थानमा योगदान गर्न सक्ने सर्वसम्मत व्यक्तिहरूको चयन भएको | समितिको गठन पछि यसका कार्य र निर्णयहरू विवाद रहित भएको |
| | वैठक | हरेक २ महिनामा वैठक हुने गरेको र वैठकमा ८०% सदस्यहरू उपस्थित भएको | महिनाको एकपटक वैठक हुने गरेको र बैठकमा १००% सदस्यहरू उपस्थित भएको |
| | एजेन्डा | वैठकका एजेन्डाहरू भौतिक र मानवीय व्यवस्थापनका अतिरिक्त शैक्षिक उन्नयनका मुद्दाहरूमा बढी केन्द्रित हुने गरेको | वैठकको २ दिन अगावै एजेन्डा अध्ययनका लागि सदस्यहरू समक्ष पठाइने गरेको |
| | | | विद्यार्थीहरूको बालमैत्री वातावरणमा सिक्ने अवस्थालाई सुनिश्चित गर्ने विषयलाई केन्द्र मानी एजेन्डा प्रस्तुत, छलफल र निर्णय हुने गरेको |
| उत्तरदायित्व | उत्तरदायित्व | विद्यालय व्यवस्थापन समितिका पदाधिकारी आफ्नो कामकर्तव्यप्रति सचेत रही विद्यालयको कार्यकुशलताका सम्बन्धमा अभिभावकप्रति उत्तरदायी रहेको | विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र अनुगमनमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको सहभागिता र आफ्नो उत्तरदायित्व प्रत्यक्षरूपमा नै व्यवहारमा उतारेको |
| नियुक्ति | शिक्षक नियुक्ति | विद्यालयको आवश्यकताको आधारमा पद निर्धारण गरिएको | पूर्व योजना अनुसार विद्यालयको आवश्यकताको आधारमा पद निर्धारण गरिएको |
| | | विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार पारदर्शीढङ्गबाट विज्ञापन गरिएको | विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार पारदर्शी विज्ञापन गरिएको र सो विज्ञापन स्थानीय पत्रपत्रिकामा प्रकाशन भएको |
| | | आधारभूत योग्यता पुगेका व्यक्तिहरूमध्ये स्वस्थ प्रतिस्पर्धा गराई योग्य व्यक्तिको छनौट भएको | माथिल्लो योग्यता भएका र तालिम प्राप्तलाई प्राथमिकता दिदै प्रतिस्पर्धाको आधारमा योग्य व्यक्तिको छनौट भएको |
| | | भर्ना प्रक्रियामा समावेशीकरणलाई मध्यनजर गरेको | भर्ना प्रक्रियामा समावेशीकरणको मान्यतालाई कार्यान्वयन गरेको |
| गतिशीलता | शिक्षकहरूको समूह गतिशीलता | विद्यालयको शैक्षिक सुधारका साझा कार्यक्रम निर्माणमा सहभागिता र कार्यान्वयनमा प्रतिबद्धता भएको | शैक्षिक सुधार सम्बन्धी कार्यक्रम कार्यान्वयनमा भिन्ना भिन्नै शिक्षकबाट अगुवाइ भएको |
| | | आफ्नो कक्षा तथा विषय शिक्षणको जिम्मेवारी लिएको र विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही रहेको | आफ्नो अध्यापन विषयको सिकाइ उपलब्धिका लक्ष्य निर्धारण गरी सोही अनुसार निरन्तर सुधारका उपायहरू अवलम्बन गरेको |
| | | आफ्नो अध्यपन विषयको वार्षिक, साप्ताहिक तथा दैनिक पाठयोजना निर्माण गरी सोहीअनुसार अध्यापन गरेको | |

| | | | |
|---|---|---|---|
| | आर्थिक व्यवस्थापन | बहुस्रोत (स्थानीय, निजी, सरकारी/गैरसरकारी) परिचालन प्रणाली अवलम्बन गरेको | खर्च प्रणालीलाई योजनाबद्ध गरेको र सरोकारवालाहरूमाफ आय व्ययको योजना तथा कार्यान्वयन समेत पारदर्शी गरेको |
| | | विद्यालयले गर्ने कुनै पनि खर्चलाई विद्यार्थीको आवश्यकता र सिकाइसँग तादात्म्य गर्ने तथा खर्च गर्दा सान्दर्भिकता, प्रभावकारिता, दक्षता र उपयोगितालाई ध्यान दिने गरेको । | |
| | कक्षा शिक्षण तथा बहुकक्षा शिक्षण | शिक्षक विद्यार्थी अनुपात मिलेका प्रारम्भिक तहका कक्षा १ देखि ३ का विद्यालयहरूमा कक्षा शिक्षण लागू भएको | कक्षा शिक्षण तथा बहुकक्षा शिक्षण सम्बन्धी तालिम प्राप्त शिक्षकहरूद्वारा शिक्षण भईरहेको र सोको अनुगमन समेत भएको |
| | | कक्षा सङ्ख्याको अनुपातमा शिक्षक सँख्या कम भएको र कक्षागत विद्यार्थी सङ्ख्या पनि कम भएका विद्यालयहरूमा बहुकक्षा शिक्षण पद्धति लागू भएको | |
| | नियम कानुनको परिपालना | प्रचलित शिक्षा ऐन, नियमावली, निर्देशिकाहरू, परिपत्रहरू तथा विद्यालय तथा स्थानीय निकायहरूले विद्यालयको हितका निमित्त गरेका निर्णयहरू कार्यान्वयन तथा परिपालना गरेको | विद्यालय आफैले शैक्षिक गुणस्तर प्रवर्द्धन गर्न सहभागितात्मक रूपले विनियम बनाउने र कार्यान्वयन तथा अनुगमनको व्यवस्था गरेको |
| | आचारसंहिता | पूर्ण सहभागितात्मक रूपमा शिक्षक, विद्यार्थी, तथा अभिभावकहरूको आचारसंहिता निर्माण गरी कार्यान्वयन गरेको र यसको प्रभावकारी अनुगमन गरेको | आचारसंहिता परिपालनका आधारमा पुरस्कार र पृष्ठपोषणको व्यवस्था समेत गरेको । |
| | समुदाय परिचालन | विद्यालयले समुदायको सचेतना र सक्षमता बृद्धि हुने खालका कार्यक्रमहरू सञ्चालन गर्न योजना बनाई कार्यान्वयन गरेको | समुदायको नियमित सहभागिता र संलग्नतामा विद्यालयको विकासमा विविध कार्यक्रमहरू सञ्चालन गरेको |
| | विद्यालय सुशासन | विद्यालयले गरेका शैक्षिक एवम् अन्य व्यवस्थापकीय कार्यहरूको दक्षता, प्रभावकारिता तथा गुणस्तरका बारेमा सम्बन्धित सरोकारवालाहरू लाई जानकारी दिने र भविष्यका लागि पृष्ठपोषण समेत लिने अभिप्रायले वार्षिक रूपमा सामाजिक परीक्षण गरेको | सामाजिक परीक्षणको नतिजाको आधारमा सहभागितात्मक योजना बनाउने र बालमैत्री सिकाइ वातावरण र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विशेष प्रयासहरू भएको |

# परिच्छेद ३

## विद्यालय तहमा प्रारूपको प्रयोग

विद्यालयका सरोकारवालाहरूको संयुक्त भेलावाट बालमैत्री विद्यालयको बारेमा छलफल गरेर विषयवस्तुलाई आन्तरिकीकरण गरी विद्यालयको स्व-मूल्याङ्कनका आधारमा आ-आफ्नो विद्यालयका वास्तविक अवस्था पहिचान गर्नु पर्नेछ । यो प्रारूपका आधारमा आ-आफ्नो विद्यालयका लागि उपयुक्त रणनीति पहिचान र विकास गर्नु पर्नेछ । त्यसरी विकास गरिएको रणनीतिलाई परिवेश अनुसार कार्यान्वयनका साथै सुधार गर्दै जानु पर्ने हुन्छ । यस सन्दर्भमा विचार गर्न र बुझ्नु पर्ने कुरा के हो भने बालमैत्री ढङ्गबाट पठनपाठनलाई सफलरूपमा कार्यान्वयन गर्न प्रत्येक विद्यालयका लागि आफ्नो स्थान विशेषका स्रोत, साधन तथा उपायहरू पहिचान गरी बालमैत्री पठनपाठनलाई कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसका लागि हरेक विद्यालयले यस प्रारूपलाई मूल आधार मानी विद्यालयमा बालमैत्री सिकाइ वातावरण प्रवर्धन गर्न निम्नानुसारका कार्यक्रमका चरणहरू अबलम्बन गर्नु पर्ने छ ।

- विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घ र शिक्षकहरूको वैठक बसी बालमैत्री विद्यालयको राष्ट्रिय प्रारूपको अध्ययन तथा पुनरावलोकन गर्ने ।
- प्रारूपमा उल्लेख गरिएका नौ वटै उपागमहरूका सूचकहरूमा आफ्नो विद्यालयको वर्तमान अवस्था कस्तो छ पत्ता लगाई सूचीकृत गर्ने ।
- तयार पारिएको सूचीमा कुन सूचकको स्थान कमजोर र कुन सूचकको स्थान तुलनात्मक रूपमा सुध्रिएको छ सो को आधारमा बढी सुधार गर्नुपर्ने क्षेत्रलाई सुधार गर्ने गरी प्राथमिकता सूची तयार गर्ने ।
- सुधार गर्नुपर्ने सूचकहरूमध्ये कुनमा बढी आर्थिक ब्ययभार पर्ने, कुनमा कम आर्थिक ब्ययभार पर्ने र कुनमा आर्थिक ब्ययभार नै नपर्ने छन्, सो छुट्याउने र लागतको अनुमान तथा तर्जुमा गर्ने ।
- त्यसैगरी कुन कुन सुधारका कार्यहरू तत्काल गर्न सकिने खालका छन्, कुन कुन केही समय लाग्ने र कुन कुन बढी समय लाग्ने खालका छन् सोको पनि छुट्टा छुट्टै सूची तयार गर्ने र हरेक सूचकको लक्ष्य किटान गर्ने ।
- सुधारका कार्यहरू मध्ये कुन कार्य प्रधानाध्यापक, शिक्षक, ब्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घ, स्थानीय निकाय, विद्यार्थी मार्फत गर्नु पर्ने हो, सो को निर्क्योल गर्ने ।
- उपरोक्त विश्लेषणको आधारमा बालमैत्री विद्यालय विकास योजना निर्माण गर्ने । यो योजना निर्माण गर्दा निम्न कुरा स्पष्टसँग उल्लेख गरिएको हुनुपर्दछ ः

- के के गर्ने,
- कसरी गर्ने,
- कुन उपलब्धि कहिले सम्म कति मात्रामा हासिल गर्ने,
- योजना कार्यान्वयन गर्दा आवश्यक पर्ने मानवीय, भौतिक तथा आर्थिक स्रोतसाधनको अनुमान गर्ने,
- हरेक सुधार कार्यका लागि मुख्य जिम्मेवार को हुने,
- योजनामा उल्लेख गरे अनुसारका सुधार कार्यक्रमहरू तोकिएको समयमा प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको हेर्ने संयन्त्र र अनुगमन गर्ने कार्य ढाँचा तय गर्ने,
- उपरोक्त अनुसारको योजना निर्माण गर्दा प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घ, स्थानीय निकाय, विद्यार्थी आदि सरोकारवालाहरूको सहभागिता हुनु पर्दछ,
- सुधार योजनामा उल्लेख भए अनुसारका कार्यक्रमको लक्ष्य हासिल गर्न विद्यालय बाहिर बालमैत्री सिकाइ वातावरणको बारेमा प्रचार प्रसार गर्ने र विद्यालय भित्र कार्यान्वयन गर्न मुख्य कार्यान्वयन कर्ता बीच सामूहिक भावना सहित प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- विद्यालय व्यवस्थापन समितिले कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने गराउने व्यवस्था मिलाउने,
- बालमैत्री विद्यालयको विकास गर्ने सम्बन्धमा आवधिक रूपमा भएको कार्यप्रगतिको समीक्षा गर्ने र प्राप्त नतिजाका सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी समेत दिने ।




...



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भै फैलिएका मेची महाकाली ।

प्रकृतिका कोटी कोटी, सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

विद्यालयलाई बालमैत्री बनाऔं
रमाइलोसँग सिकौं र सिकाऔं

युनिसेफ

नेपाल सरकार
शिक्षा मन्त्रालय